संयुक्त राष्ट्रसङ्घ

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सरकारी सुरक्षाफौजबीच भएका आक्रमण र भिडन्तहरूको सन्दर्भमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनबारे गरिएका अनुसन्धानहरू

---

## निष्कर्ष तथा सिफारिसहरू

जनवरी–मार्च २००६

**विषयसूची**......................................................................................१

**I. परिचय**......................................................................................२

**II. अध्ययनविधि र उच्चायोगलाई प्राप्त सहयोग**......................................................................................३
**III. उच्चायोगका निष्कर्षहरू र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बद्ध प्रावधानहरू**......................................................................................४

क. गैरसैनिक क्षेत्रमा आक्रमणमार्फत् र सर्वसाधारणका घर तथा विद्यालयहरूलाई ढालको रूपमा प्रयोग गरी उनीहरूलाई खतरामा पार्ने कार्य
ख. शाही नेपाली सेनाद्वारा गरिएको जथाभावी बमबारी र गोलीबारी
ग. नेकपा (माओवादी)द्वारा घरेलु विस्फोटक पदार्थको प्रयोग
घ. भिडन्तको क्रममा वा भिडन्तपछि नेकपा (माओवादी)द्वारा भएको सर्वसाधारणको अपहरण
ङ. सार्वजनिक भवनहरूको क्षति र विनास
च. लडाइँमा नभएको अवस्थामा रहेका सुरक्षाफौजका सदस्यहरूको जानाजानी हत्या गरिएको आरोप
छ. बालबालिकाको प्रयोग

**IV. उच्चायोगले छानबिन गरेका घटनाहरू**......................................................................................९
**मध्यमाञ्चल क्षेत्र**......................................................................................९
घटना १ : थानकोट गाविस, काठमाडौँ जिल्ला
घटना २ : फापरबारी गाविस, मकवानपुर जिल्ला
घटना ३ : पनौती नगरपालिका, काभ्रे जिल्ला
घटना ४ : पशुपतिनगर क्षेत्र, सदरमुकाम हेटौंडा, मकवानपुर जिल्ला
घटना ५ : भन्ज्याङ क्षेत्र, काभ्रे जिल्ला
**पश्चिमाञ्चल क्षेत्र**......................................................................................११
घटना ६ : मनकामना र किचनास गाविसहरू, स्याङ्जा जिल्ला
घटना ७ : सदरमुकाम तानसेन, पाल्पा जिल्ला
घटना ८ : सुनवल गाउँ, नवलपरासी जिल्ला
घटना ९ : पनेना, पोखराथोक र खिदिम गाविसहरू, अर्घाखाँची जिल्ला
घटना १० : छोरेपाटन इलाका र पोखरा सहर, कास्की जिल्ला
**पूर्वाञ्चल क्षेत्र**......................................................................................१२
घटना ११ : धनकुटा जिल्ला
घटना १२ : सदरमुकाम इलाम, इलाम जिल्ला
**मध्यपश्चिमाञ्चल क्षेत्र**......................................................................................१३
घटना १३ : सदरमुकाम नेपालगञ्ज, बाँके जिल्ला

**V. निष्कर्ष तथा सिफारिसहरू**......................................................................................१३
क. द्वन्द्वरत दुवै पक्षलाई गरिएका सिफारिसहरू
ख. श्री ५ को सरकारलाई गरिएका सिफारिसहरू
ग. नेकपा (माओवादी)लाई गरिएका सिफारिसहरू

**VI. परिशिष्ट I**......................................................................................१५
ओएचसिएचआरले २००६ मार्च/अप्रिलमा छानबिन गरेका नयाँ घटनाहरू
**मध्यमाञ्चल क्षेत्र**......................................................................................१५
घटना क : बालुवाटोल गाउँ, चन्द्रनिगाहापुर क्षेत्र, रौतहट जिल्ला
घटना ख : मुजेलिया नगरपालिका वडा नं. १४ र जनकचोक, जनकपुर, धनुषा जिल्ला
घटना ग : ठोकर्पा गाविस, वडा नं. २ र ४, सिन्धुपाल्चोक जिल्ला
**पूर्वाञ्चल क्षेत्र**......................................................................................१७
घटना घ : विर्तामोड, झापा जिल्ला

**VII. परिशिष्ट II**......................................................................................१८
नक्सा : उच्चायोगले छानबिन गरेका घटना भएका ठाउँहरू

**नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सरकारी सुरक्षाफौजबीच भएको आक्रमण र भिडन्तहरूको सन्दर्भमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनबारे गरिएका अनुसन्धानहरू**

---

## निष्कर्ष तथा सिफारिसहरू
## जनवरी–मार्च २००६

## I. परिचय

सन् २००६ जनवरी २ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले आफ्नो एकपक्षीय युद्धविराम भङ्ग गर्ने निर्णय गरेयता द्वन्द्वमा संलग्न दुवै पक्षद्वारा अन्तर्राष्ट्रिय मानवीय कानुन (International Humanitarian Law) को उल्लङ्घन भयो भनिएका दर्जनौं रिपोर्टहरू प्राप्त भएका छन् । नेकपा (माओवादी)को सशस्त्र दस्ता जनमुक्ति सेना (People's Liberation Army)ले सहरी, अत्यन्त घनाबस्ती भएका क्षेत्रहरू तथा गैरसैनिक उद्देश्यका लागि प्रयोग हुने सरकारी भवनहरूमाथि गरेका आक्रमणहरूको सन्दर्भमा एवं सुरक्षाफौजले जनमुक्ति सेनामाथि गरेका आक्रमणहरू तथा दुवै पक्षबीच भएका भिडन्तहरूको सन्दर्भमा यी आरोपहरू प्राप्त भएका छन् ।

सन् २००६ फेब्रुअरीमा द्वन्द्व १०औं वर्षमा प्रवेश गऱ्यो । सन् २००१ र सन् २००३ मा भएका दुईवटा युद्धविरामपछि, अन्तर्राष्ट्रिय मानवीय कानुनलगायत मानवअधिकार उल्लङ्घनका घटनामा तीव्र वृद्धि भयो । खासगरी सन् २००१ नोभेम्बरमा शाही नेपाली सेना (शानेसे) परिचालित भएयता यस्तो वृद्धि भएको हो । सन् २००२ नोभेम्बरदेखि प्रतिविद्रोह कारबाहीका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीबललाई शानेसेको "संयुक्त सुरक्षाफौज"अन्तर्गत राखियो । सन् २००६ जनवरी २ मा एकपक्षीय युद्धविराम भङ्ग भएपछि मानवअधिकार उच्चायुक्तले द्वन्द्वरत दुवै पक्षलाई द्वन्द्वको अघिल्लो चरणमा झैं अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार कानुनको घोर उल्लङ्घन नदोहोऱ्याउन सार्वजनिक रूपमा आह्वान गर्नुभयो ।

युद्धविरामको अन्त्य र २००६ मार्चको प्रारम्भ बीचको अवधिमा देशका विभिन्न भागमा घटेका १३ वटा सैनिक कारबाही तथा भिडन्तको सन्दर्भमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भयो भनिएका घटनाहरूबारे उच्चायोगद्वारा गरिएका अनुसन्धानका निष्कर्षहरू यो प्रतिवेदनले सङ्क्षिप्त रूपमा प्रस्तुत गरेको छ । यसले अन्य खालका अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका घटनाहरूको विश्लेषण समेटेको छैन; जस्तै, चुनावको सन्दर्भमा भएका घटनाहरू । दुवै पक्षद्वारा भएका अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका बृहत् स्वरूपका उदाहरणजस्ता प्रतिनिधिमूलक घटनाहरू यो प्रतिवेदनमा उठाइएका छन् । यो प्रतिवेदनले उच्चायोगले गरेको अनुसन्धानका निष्कर्षहरू तथा सम्बद्ध अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूको विश्लेषण समेट्नुका साथै छानबिन गरिएका घटनाहरूको विवरण तथा द्वन्द्वरत पक्षहरूलाई सुझाव प्रस्तुत गरेको छ ।

उच्चायुक्तको कार्यालयले गरेका अनुसन्धानहरू देहायका घटनाहरूमा केन्द्रित रहे:

**मध्यमाञ्चल क्षेत्र**

- जनमुक्ति सेनाले काठमाडौं जिल्लाको थानकोट गाविसस्थित प्रहरी थानामा सन् २००६ जनवरी १४ मा गरेको आक्रमण;
- मकवानपुरको फापरबारी गाविसमा जनमुक्ति सेना र शानेसेको गस्ती टोलीबीच सन् २००६ जनवरी २१ मा भएका भिडन्तहरू;
- मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडास्थित पशुपतिनगरमा संयुक्त सुरक्षाफौजको चौकीमाथि सन् २००६ फेब्रुअरी ६ मा जनमुक्ति सेनाले गरेको आक्रमण;
- काभ्रे जिल्लाको पनौती नगरपालिकामा सन् २००६ फेब्रुअरीमा जनमुक्ति सेनाको आक्रमण र भएका भिडन्तहरू;
- काभ्रे जिल्लाको भन्ज्याङ क्षेत्रस्थित शानेसेको चौकीमा सन् २००६ फेब्रुअरी २७ मा जनमुक्ति सेनाले गरेको आक्रमण ।

**पश्चिमाञ्चल क्षेत्र**

- स्याङ्जा जिल्लामा पर्ने मनकामना र किचनास गाविसहरूमा जनमुक्ति सेना र सुरक्षाफौजबीच सन् २००६ जनवरी १२ र १३ मा भएका भिडन्तहरू;
- पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा सन् २००६ जनवरी ३१ मा जनमुक्ति सेनाले गरेको आक्रमण र भएका भिडन्तहरू;
- नवलपरासी जिल्लाको सुनवल गाउँमा सन् २००६ फेब्रुअरी ९ मा जनमुक्ति सेनाले शानेसेको गस्ती टोलीमाथि गरेको आक्रमण;
- अर्घाखाँची जिल्लाको पनेना, पोखराथोक र खिदिम गाविसहरूमा जनमुक्ति सेना र शानेसेबीच सन् २००६ फेब्रुअरी २८ र मार्च १ मा भएका भिडन्तहरू;

- कास्की जिल्लाको पोखरा सहर र छोरेपाटनमा सन् २००६ फेब्रुअरी २५ र २७ मा जनमुक्ति सेनाले गराएका बम विस्फोटनहरू ।

**पूर्वाञ्चल क्षेत्र**

- धनकुटा जिल्लाको सदरमुकाम धनकुटामा सन् २००६ फेब्रुअरी ७ मा जनमुक्ति सेनाले गरेको आक्रमण र भएका भिडन्तहरू;
- इलाम जिल्लाको सदरमुकाम इलाममा सन् २००६ मार्च ६ मा जनमुक्ति सेनाले गरेको आक्रमण र भएका भिडन्तहरू ।

**मध्यपश्चिमाञ्चल क्षेत्र**

- बाँके जिल्लाको सदरमुकाम नेपालगञ्जमा प्रहरीबल र जनमुक्ति सेनाबीच सन् २००६ जनवरी २९ मा भएको गोली हानाहान ।

उच्चायोगले भिडन्तको सन्दर्भमा मारिएका खासगरी १० सर्वसाधारण (तीन बालबालिकासहित)को सम्बन्धमा छानबिन गऱ्यो जसमध्ये फापरबारी गाविस (मकवानपुर जिल्ला) र पनेना, पोखराथोक र खिदिम गाविसहरू (अर्घाखाँची जिल्ला)मा शानेसेले गरेको हवाई बमबारी र गोलीबारीमा परी दुई बालबालिका र एक प्रौढ सर्वसाधारण मारिए भने ६ अन्य घाइते भए; एक नाबालक र दुई प्रौढ आफ्ना घरमा प्रहार गरिएको गोली लागेर माारिए (नेपालगञ्जमा भएको एउटा घटनामा सशस्त्र प्रहरीबलद्वारा, इलाममा भएको अर्को घटनामा शानेसेद्वारा र इलाममैं भएको तेस्रो घटनामा नेकपा (माओवादी)द्वारा) । त्यस्तै, पनौती नगरपालिका (काभ्रे जिल्ला), मनकामना गाविस (स्याङ्जा जिल्ला), फापरबारी गाविस (मकवानपुर जिल्ला) र सदरमुकाम तानसेन (पाल्पा जिल्ला)मा एक-एक जना गरी चार प्रौढ व्यक्तिको पनि गोली हानाहानमा परी ज्यान गएको थाहा भयो । यी घटनामा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भयो कि भएन भन्नेबारे पर्याप्त जानकारी उपलब्ध हुन सकेन् ।

यसअतिरिक्त, छानबिन गरिएका घटनाहरूमा नेकपा (माओवादी)द्वारा गरिएको बम विस्फोटनबाट १८ सर्वसाधारण घाइते भए र एकजना मारिए । यी घटनामा उच्चायोगले कुनै पनि पक्षले सर्वसाधारणलाई जानाजानी हत्या गरेको वा लक्षित गरेको पाएन ।

छानबिन गरिएका घटनाहरूमा अनुसन्धान गरिएका भिडन्तहरूको बेला वा त्यसपछिको अवधिमा नेकपा (माओवादी)द्वारा १४ सर्वसाधारणको अपहरण, सार्वजनिक भवनहरूको विनास र जनमुक्ति सेनाको कारबाहीमा बालबालिकाको प्रयोग पनि पर्दछन् । कब्जामा लिइसकेपछि हत्या गरिएका भनिएका शानेसेका कतिपय सदस्यहरू र पाँच प्रहरीसम्बन्धी पनि यसले अध्ययन गऱ्यो ।

यो प्रतिवेदनमा, परिशिष्ट १ अन्तर्गत मूल प्रतिवेदन तयार भइसेपछि उच्चायोगले छानबिन गरेका चारवटा घटना थपिएका छन् । प्रत्येक घटनामा उच्चायोगले माथि उल्लेख गरिएकै पारामा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन भएको पाएको छ । बस्ती भएका क्षेत्रमा नागरिकहरूको ज्यान जोखिममा पारी द्वन्द्व आकर्षित गर्ने, सर्वसाधारणको संरक्षण गर्न अपर्याप्त कदमहरू, सर्वसाधारणको मृत्यु वा हानि हुने गरी भएको हवाई बमबारी, जथाभावी गोली प्रहार, दुवै पक्षले कब्जामा लिइसकेपछि जानाजानी गरेका हत्या, अपहरण तथा घरेलु विस्फोटक पदार्थहरूबाट सर्वसाधारणलाई हानि लगायतका कुराहरू यसमा पर्दछन् ।

## II. अध्ययनविधि र उच्चायोगलाई प्राप्त सहयोग

उच्चायोगका अधिकारीहरूले घटनास्थलहरू थानकोट गाविस (काठमाडौँ जिल्ला), मनकामना र किचनास गाविसहरू ( स्याङ्जा जिल्ला), फापरबारी गाविस र सदरमुकाम हेटौंडा (मकवानपुर जिल्ला), सदरमुकाम तानसेन (पाल्पा जिल्ला), सुनवल गाउँ (नवलपरासी जिल्ला), पनौती नगरपालिका (काभ्रे जिल्ला), सदरमुकाम धनकुटा (धनकुटा जिल्ला), पनेना, पोखराथोक र खिदिम गाविसहरू (अर्घाखाँची जिल्ला), भन्ज्याङ क्षेत्र (काभ्रे जिल्ला), र सदरमुकाम इलाम (इलाम जिल्ला)को भ्रमण गरेका थिए ।

अनुसन्धानको क्रममा, उच्चायोगले जिल्ला तथा गाउँस्तरमा निजामती सरकारी अधिकारीहरू तथा शाही नेपाली सेनाका सुरक्षाकर्मीसँग छलफल गऱ्यो । नेकपा (माओवादी) र जनमुक्ति सेनाका स्थानीय तथा क्षेत्रीय प्रतिनिधिहरूसँग पनि यसले बैठकहरू सम्पन्न गऱ्यो । उच्चायोगले स्थानीय सामुदायिक तथा राजनीतिक दलका नेताहरू, स्थानीय पत्रकार, पीडित व्यक्ति र तिनका परिवारका सदस्य, प्रत्यक्षदर्शी र गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग पनि भेटघाट गऱ्यो । यी जिल्लामा सञ्चालित गतिविधिहरूबाहेक उच्चायोगले राष्ट्रियस्तरका सैनिक अधिकारी तथा गैसस प्रतिनिधिहरूसँग पनि काठमाडौँमा थप बैठक र सोधपुछ गर्नुका साथै नेकपा (माओवादी)को केन्द्रीय नेतृत्वसँग छलफल गऱ्यो । राज्य निकायहरू तथा अधिकारीहरूले एवं नेकपा (माओवादी)का नेताहरूले अनुसन्धानका क्रममा सहयोग पुऱ्याए । उच्चायोगले मानवअधिकार तथा नागरिक समाजसँग सम्बद्ध सङ्गठनहरूबाट पनि भ्रमण गरेका जिल्लाहरूमा सहयोग प्राप्त गऱ्यो ।

सुरक्षा तथा अन्य व्यवस्थापकीय (Logistical) समस्याले गर्दा भिडन्तहरूमा भएका अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनबारे तत्कालै छानबिन गर्न सकिएन र यसले गर्दा यो प्रतिवेदनमा उठाइएका केही भिडन्तहरूबारेको अनुगमन पनि ढिला हुन पुग्यो । तर, द्वन्द्वरत कुनै पनि पक्षले उच्चायोगको आवतजावत गर्ने स्वतन्त्रतामाथि कुनै पनि बन्देज लगाएनन् ।

## III. उच्चायोगका निष्कर्षहरू र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बद्ध प्रावधानहरू

अन्तर्राष्ट्रिय मानवीय कानुनले सशस्त्र द्वन्द्वमा संलग्न पक्षहरूको आचरणलाई निर्देशित गर्दछ । यसका दुईवटा स्वरूप छन् : १) सन्धि ऐन, मुख्यतः सन् १९४९ का चारवटा जेनेभा महासन्धि[१] र यसका दुई सन्धिपत्र[२]; र २) प्रथागत कानुन, वा "कानुनका रूपमा स्वीकार गरिएका सामान्य चलन वा व्यवहार[३] ।" सन्धि ऐनमा प्रथागत कानुन पनि पर्न सक्दछ र यसले प्रथागत कानुनको विकासमा योगदान पुऱ्याउन सक्छ ।

चारैवटा जेनेभा महासन्धिमा पाइने धारा ३ (जसलाई साझा धारा ३ भनेर चिनिन्छ) "अन्तर्राष्ट्रिय चरित्र नभएको" सशस्त्र द्वन्द्वमा लागु हुन्छ । सर्वसाधारणहरू र लडाइँ नभएको अवस्थामा रहेका सशस्त्रफौजका सदस्यहरूलगायत युद्धमा सक्रिय भाग नलिने सबै व्यक्तिको न्यूनतम संरक्षण गरिनुपर्ने प्रावधानहरू यसमा रहेका छन् । जेनेभा महासन्धिको अतिरिक्त सन्धिपत्र II गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा पनि लागु हुन्छ । नेपालले चारवटा जेनेभा महासन्धिहरूलाई अनुमोदन गरे पनि दुईवटा सन्धिपत्रलाई अनुमोदन गर्न बाँकी नै छ । नेपालले यी सबै महासन्धिलाई अनुमोदन गरिसकेको हुनाले नेपाली सुरक्षाफौज र नेकपा (माओवादी) दुवैले जेनेभा महासन्धिको साझा धारा ३ को पालना गर्नुपर्ने बाध्यता छ । अर्को कुरा, दुवै पक्ष प्रथागत कानुनको निर्माण गर्ने सन्धिपत्र II का प्रावधानलगायत आन्तरिक सशस्त्र द्वन्द्वमा लागु हुने प्रथागत कानुनद्वारा पनि बाँधिएका छन् ।

नेपालको सशस्त्र सुरक्षाफौजमा शानेसे र सशस्त्र प्रहरीबल पर्दछन् र दुवैले अन्तर्राष्ट्रिय मानवीय कानुन मान्नु पर्ने बाध्यता छ । युद्धमा सक्रिय भाग लिएको खण्डमा नेपाल प्रहरी पनि यो कानुनद्वारा बाँधिन्छ : जस्तै, संयुक्त सुरक्षाफौजअन्तर्गत सैन्य कारबाहीमा भाग लिएको अवस्थामा[४] । द्वन्द्वमा सक्रिय रूपले सहभागी भएका जनमुक्ति सेनाका सदस्यहरू– तर यो यसमामात्र सीमित छैन्– लगायत नेकपा (माओवादी)का अङ्गहरू पनि अन्तर्राष्ट्रिय मानवीय कानुन (IHL)द्वारा बाँधिएका छन् ।

मुख्यतः गैरसैनिक क्षेत्रमा गरिएका आक्रमण वा अन्य माध्यमद्वारा सर्वसाधारणको जीवन खतरामा पारेर, सर्वसाधारणका घर तथा विद्यालयहरूलाई ढालको रूपमा प्रयोग गरेर, जथाभावी बम प्रहार गरेर, सर्वसाधारणले आवतजावत गर्ने ठाउँहरूमा विस्फोटक पदार्थ राखेर वा त्यसलाई त्यत्तिकै छाडेर, र बालबालिकाको प्रयोग गरेर दुवै पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन गरेको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगले आफ्नो अनुसन्धानको क्रममा पायो ।

### क. गैरसैनिक क्षेत्रमा आक्रमणमार्फत् र सर्वसाधारणका घर तथा विद्यालयहरूलाई ढालको रूपमा प्रयोग गरी उनीहरूलाई खतरामा पार्ने कार्य

सर्वसाधारण र लडाकुहरूबीचको विभेद अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रमुख सिद्धान्त हो[५] । सैन्य कारबाहीको बेला द्वन्द्वरत पक्षहरूले सर्वसाधारण जनसङ्ख्या तथा व्यक्तिहरूलाई जोगाउनका निम्ति र गैरसैनिक नागरिकको मृत्यु वा उनीहरूलाई हुने हानिबाट बचाउनका लागि सम्भाव्य पूर्वसावधानीहरू सुनिश्चित गर्नुपर्दछ भन्ने कुराको ख्याल राख्नुपर्दछ[६] । अर्को कुरो आक्रमणको कारणले सर्वसाधारणलाई हुनसक्ने आकस्मिक मृत्यु वा हानि आक्रमणबाट लिन सकिने "ठोस र

[१] स्थलयुद्धमा घाइते वा बिरामी भएका सैन्यबलहरूको अवस्थामा सुधार गर्नेसम्बन्धी जेनेभा महासन्धि (अगष्ट १२, १९४९); समुद्रमा घाइते, बिरामी वा ध्वस्त जहाजमा परेका सैन्यबलहरूको अवस्थामा सुधार गर्नेसम्बन्धी जेनेभा महासन्धि (अगष्ट १२, १९४९); युद्धबन्दीहरूलाई गरिनुपर्ने व्यवहारसम्बन्धी जेनेभा महासन्धि (अगष्ट १२, १९४९); र युद्धको समयमा सर्वसाधारण व्यक्तिहरूको संरक्षणसम्बन्धी जेनेभा महासन्धि (अगष्ट १२, १९४९) ।

[२] अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वबाट पीडितहरूको संरक्षणसम्बन्धी अगष्ट १२, १९४९ का जेनेभा महासन्धिको अतिरिक्त सन्धिपत्र (८ जुन १९७७); र गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वबाट पीडितहरूको संरक्षणसम्बन्धी अगष्ट १२, १९४९ जेनेभा महासन्धिको अतिरिक्त सन्धिपत्र (८ जुन १९७७) ।

[३] अन्तर्राष्ट्रिय रेडक्रस समिति (ICRC) ले प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुनका मान्यता भएका १६१ वटा "नियमहरू" पहिचान गरी प्रकाशित गरेको छ । ICRC प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुन, Vol 1: Rules (2005) ।

[४] सन् २००१ नोभेम्बरमा श्री ५ को सरकारले माओवादी विद्रोहीविरुद्ध सैनिक कारबाही गर्न मन्त्रिपरिषद्को निर्णयमार्फत् "संयुक्त सुरक्षाफौज"को अवधारणा स्थापित गऱ्यो । यो निर्णयको विषयवस्तु सार्वजनिक गरिएको छैन् ।

[५] "लडाकु हैसियत" अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा मात्र लागु हुने भए पनि आन्तरिक सशस्त्र द्वन्द्वमा व्यक्तिहरू र घाइते वा आत्मसमर्पण गर्नेहरूलाई नेपाल पक्ष भएका चारवटा जेनेभा महासन्धिहरूको साझा धारा ३ ले संरक्षण गरेको छ ।

[६] ICRC, पेज ५१-५५, ५६-५८ । सन्धिपत्र (दोस्रो) पनि, धारा १३ (१)

प्रत्यक्ष" सैन्य फाइदाको अनुपातमा अत्यधिक भएमा समानुपातिकताको सिद्धान्तले संलग्न पक्षहरूलाई आक्रमण गर्नबाट निषेध गर्दछ[७]। "ठोस र प्रत्यक्ष" हुनका लागि सैन्य फाइदा "सारभूत र सापेक्षिक रूपले निकट" हुनैपर्छ[८]। सर्वसाधारण जनसङ्ख्यालाई असर गर्नसक्ने कुनै पनि आक्रमण गर्नुभन्दा पहिले द्वन्द्वरत पक्षहरूले परिस्थिति अनुकूल भएसम्म प्रभावकारी चेतावनी दिनुपर्छ[९]। तैपनि, कुनै सर्वसाधारण यस्तो चेतावनीपछि पनि उक्त इलाकामा रहेको खण्डमा विभेदको सिद्धान्तमुताबिक उनीहरूको संरक्षण गर्नुपर्दछ[१०]। अर्को कुरा, निश्चित क्षेत्रहरूलाई सैन्य आक्रमणबाट मुक्त राख्नका लागि सर्वसाधारणलाई मानवढालको रूपमा प्रयोग गर्नबाट द्वन्द्वरत पक्षहरूलाई निषेध गरिएको छ[११]।

अध्ययन गरिएका अधिकांश भिडन्तहरूमा जनमुक्ति सेनाले सुरक्षाफौजमाथि आक्रमण गरेका वा उनीहरूलाई संलग्न गराउन गरिएको ठाउँको छनोटले सर्वसाधारणको जीवन जोखिममा पारेको र कतिपयको मृत्यु हुनुका साथै अनेकौं घाइते भएको उच्चायोगद्वारा गरिएका अनुसन्धानहरूले देखायो। स्याङ्जा जिल्लाको मनकामना र किचनास गाविस, मकवानपुरको फापरबारी गाविस र पशुपतिनगर–हेटौंडा (सदरमुकाम), नवलपरासीको सुनवल गाउँ र काभ्रेको भन्ज्याङ जुन सबै ग्रामीण क्षेत्र थिए, पाल्पाको सदरमुकाम तानसेन, काभ्रेको पनौती नगरपालिका, धनकुटा जिल्लाको सदरमुकाम धनकुटा, कास्कीको सदरमुकाम पोखरा, र इलामको सदरमुकाम इलाममा यस्तै घटना भएका थिए (तल खण्ड IV मा दिइएका घटनाहरू हेर्नुहोस्)।

त्यस्तै, अर्घाखाँची जिल्लाको पनेना, पोखराथोक र खिदिम गाविसहरूमा जनमुक्ति सेनाले आफ्नो सुरक्षाका लागि सर्वसाधारणलाई खतरामा पुऱ्याई उनीहरूका घरहरू प्रयोग गरे (हेर्नुहोस् घटना ९)। मकवानपुर जिल्लाको फापरबारी गाविस र सदरमुकाम हेटौंडा (घटना २ र ३); पाल्पाको सदरमुकाम तानसेन (घटना ७); काभ्रेको पनौती नगरपालिका ( घटना ३); नवलपरासीको सुनवल गाउँ (घटना ८); धनकुटा जिल्लाको सदरमुकाम धनकुटा (घटना ११); र इलामको सदरमुकाम इलाम (घटना १२)मा जनमुक्ति सेनाले सुरक्षाकर्मीमाथि आक्रमण गर्दा सर्वसाधारणका घर र/वा दोकानहरू वा सो पछाडि पोजिसन लिएका थिए। घर र दोकानहरूलाई ढालको रूपमा प्रयोग गर्नाले सुरक्षाफौजलाई कुन सैनिक र कुन गैरसैनिक हो भनी ठ्याक्कै छुट्याउन गाह्रो पऱ्यो र जनमुक्ति सेनाले जानाजान सर्वसाधारणलाई जवाफी कारबाहीको सामुन्ने खडा गऱ्यो। पनौती र पशुपतिनगर हेटौंडामा (हेर्नुहोस् घटना ३ र ४) आक्रमण गर्नुभन्दा अगाडि जनमुक्ति सेनाले त्यहाँका बासिन्दाहरूलाई प्रभावकारी चेतावनी दिएको थियो कि थिएन भन्नेबारे विरोधाभाषपूर्ण रिपोर्टहरू आएका छन्। तर ठोकुवासाथ यस्तो चेतावनी दिएको नै भए पनि यो आक्रमणमा नेकपा (माओवादी)ले आफ्ना अन्तर्राष्ट्रिय मानवीय कानुनी दायित्वहरू उल्लङ्घन गरेको देखिन्छ किनकी कुनै पनि द्वन्द्वरत पक्ष न भवनहरू खाली भएकोमा नै निश्चित थिए न नेकपा (माओवादी)को रणनीतिक उद्देश्यका लागि नागरिकहरूले आफ्नो निजी सम्पत्ति केही समयका लागि उनीहरूलाई चलाउन दिने नै अपेक्षा गर्न सक्थे। आवासीय क्षेत्रमा घरेलु विस्फोटक पदार्थहरू राखेर नेकपा (माओवादी)ले जवाफी कारबाहीको खतरालाई झन बढायो।

स्याङ्जा जिल्लाको किचनास गाविसमा फेब्रुअरी ६ मा भएका भिडन्तका क्रममा (हेर्नुहोस् घटना ६) जनमुक्ति सेनाका सदस्यहरूले थानापथि विद्यालयमा बालबालिका र शिक्षक गरी १३० जना उपस्थित रहेको अवस्थामा सो विद्यालयको हातामा आश्रय लिएको कुरा उच्चायोगका लागि विशेष सरोकारको विषय रह्यो। शानेसेको जवाफी कारबाहीको खतराले शिक्षक तथा विद्यार्थीहरू जोखिममा पर्न गए। शानेसेले एउटा कक्षाकोठामा जानाजानी हेलिकप्टरबाट गोली प्रहार गरेको प्रमाण उच्चायोगले फेला पाऱ्यो। कुनै पनि बालबालिका यसबाट घाइते भएनन् तर कैयौं विद्यार्थीलाई उक्त घटनाले मानसिक आघात पर्नगएको बुझिइएको छ। स्कुलको प्राङ्गणमा जनमुक्ति सेनाका सदस्यजस्ता सम्भाव्य सैन्य उद्देश्य भएकै अवस्थामा पनि यसलाई कहिल्यै सैनिक निसाना ठान्न सकिंदैन्। पछि जनमुक्ति सेनाले विद्यायलमैं आएर क्षमा याचना गऱ्यो।

उच्चायुक्तको कार्यालयले आफ्नो अनुसन्धानमार्फत् बाँके जिल्लाको सदरमुकाम नेपालगञ्जमा जनवरी २९ मा जनमुक्ति सेनाको आक्रमणपछि भएको प्रहरी कारबाहीमा उनीहरूले एउटा घरमा गोली हानी असमानुपातिक बल प्रयोग गरेको पायो। उक्त घटनामा एक १५ वर्षीया बालिका ममता बर्माको ज्यान गयो भने अर्को एक व्यक्ति घाइते हुनपुगे (हेर्नुहोस् घटना १३)।

**ख. शानेसेद्वारा गरिएको जथाभावी हवाई बमबारी र गोलीबारी**

माथि उल्लेख गरेजस्तै अन्तर्राष्ट्रिय मानवीय कानुनमा भएको विभेदको सिद्धान्तले द्वन्द्वरत पक्षले लडाकु र सर्वसाधारणबीच फरक छुट्याउनु पर्ने व्यवस्था गरेको छ। खास सैन्य निसानामा लगाउन नसकिने लडाइँका विधि वा साधन विवेकशुन्य

[७] ICRC, पेज ५८-६२
[८] ICRC, जेनेभा महासन्धिको पहिलो अतिरिक्त सन्धिपत्रमाथिको टिप्पणी, सेक्सन १२०९।
[९] ICRC, पेज ६२-६५
[१०] Id.
[११] ICRC, पेज ३३७-३४०

हुन्छन् र तिनीहरूलाई निषेध गरिएको छ[१२] । यसमा सैनिक र गैरसैनिक निसाना छुट्याउन नसक्ने हतियारहरूको प्रयोग पर्दछन्[१३] ।

छानबिन गरिएका १३ मध्ये चारवटा घटनामा उच्चायुक्तको कार्यालयका अनुसन्धानहरूले शानेसेद्वारा हवाई बमबारी र फायरिङ् भएको प्रमाण फेला पारेको छ । यसमा दुई बालबालिका र एक सर्वसाधारण मारिएका थिए । मकवानपुर जिल्लाको फापरबारी गाविस (हेर्नुहोस् घटना २)मा भएका भिडन्तमा नेकपा (माओवादी)को भनी ठानिएको आदेश र आपूर्तिको शृङ्खला विच्छेद गर्न हेलिकप्टरबाट व्यापक क्षेत्रमाथि बम खसालिएको कुरा शाही नेपाली सेना आफैंले स्वीकार गऱ्यो । यो घटनामा एक चारवर्षे बालक रेशमबहादुर पुनको ८१ एमएम मोर्टार बमको छर्रा लागेर ज्यान गयो । १०० मिटर व्यासभित्र मार हान्ने क्षमता भएको उक्त बम त्यो बेला १७ जना सर्वसाधारण रहेको एक घरको १५ मिटरभित्रको क्षेत्रमा खसालिएको थियो । सर्वसाधारण जनसङ्ख्यालाई क्षति हुनबाट बचाउन आवश्यक बमको प्रक्षेपपथ (Trajectory) माथिको नियन्त्रणको अभाव भएको अवस्थामा ग्रामीण क्षेत्रमा बम खसाउने कार्य स्वीकार्य हुन सक्दैन् भन्ने उच्चायोगको निष्कर्ष रहेको छ ।

त्यस्तै, अर्घाखाँची जिल्लाको पनेना, पोखराथोक र खिदिम गाविसहरूमा भएका भिडन्तका सम्बन्धमा उच्चायोग आफ्ना अनुसन्धानमार्फत् के निष्कर्षमा पुग्यो भने शानेसेको हेलिकप्टरबाट जथाभावी गोली हान्ने र बम खसाउने कार्यबाट दुई सर्वसाधारण (१४ वर्षीय पवन गौतम र २४ वर्षीय किसान प्रकाश घर्ती)को ज्यान गयो भने ६ जना घाइते भए, जसमध्ये केहीको अवस्था चिन्ताजनक छ । यीमध्ये केही घटना एक स्वास्थ्य सेवा केन्द्र नजिकै भएका थिए ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा भएका भिडन्तका क्रममा शानेसेले हेलिकप्टरबाट थप बल प्राप्त गऱ्यो, जसले कम्तीमा पाँचवटा १२० एमएम बम खसाल्यो । यसबाट सर्वसाधारणका कम्तीमा १३ वटा घर तथा पसललाई क्षति पुग्यो (हेर्नुहोस् घटना ७) । काभ्रे जिल्लाको पनौती नगरपालिकामा भएका भिडन्तहरूमा एउटा शानेसेको हेलिकप्टर आएको र बम खसाल्ला भनेर आफूहरू त्रस्त भएको सर्वसाधारणले बताए (हेर्नुहोस् घटना ३) । सोधपुछ गरिएका एक सैनिक अधिकारीले बम खसालेको खण्डमा धेरै सर्वसाधारण व्यक्तिहरू हताहती हुने खतरा भएकाले बम नहान्ने निर्णय लिइएको कुरा बताएका थिए ।

**ग. नेकपा (माओवादी)द्वारा घरेलु विस्फोटक पदार्थको प्रयोग**

अनुसन्धानको क्रममा उच्चायुक्तको कार्यालयले सुरक्षाफौजसँग भएका आक्रमण वा भिडन्तका क्रममा वा सोपछि नेकपा (माओवादी)ले राखेका वा छोडेर गएका घरेलु विस्फोटक पदार्थहरू (IEDs) ले पारेको असरमाथि पनि आफ्नो ध्यान केन्द्रित गऱ्यो । नेकपा (माओवादी)द्वारा भएको घरेलु विस्फोटक तथा अन्य गैरपरम्परागत हतियार (जस्तै, सकेट बम)को प्रयोगले गर्दा बढीभन्दा बढी सर्वसाधारण घाइते हुन पुगेका छन् । समीक्षाका लागि लिइएका घटनाहरूमा नेकपा (माओवादी)ले गराएको बम विस्फोटबाट १८ सर्वसाधारण घाइते भए भने एकको ज्यान गयो : नवलपरासी जिल्लाको सुनवल गाउँमा आईईडीको जथाभावी प्रयोगबाट एक सर्वसाधारण मारिए भने दुईजना घाइते भए (हेर्नुहोस् घटना ८); कास्की जिल्लाको छोरेपाटन इलाका र पोखरा सहरमा १२ अन्य सर्वसाधारण घाइते भए (हेर्नुहोस् घटना १०) । यो प्रतिवेदनले समेटेका घटनाहरूमा प्रयोग भएका विस्फोटक पदार्थबाट घाइते भएका सर्वसाधारणमध्ये चारजना बालबालिका थिए – काभ्रे जिल्लाको पनौती नगरपालिका (हेर्नुहोस् घटना ३) मा तीन जना र धनकुटा जिल्लाको सदरमुकाम धनकुटामा एकजना (हेर्नुहोस् घटना ११) ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेन, काभ्रेको पनौती नगरपालिका, नवलपरासीको सुनवल गाउँ र धनकुटा जिल्लाको सदरमुकाम धनकुटामा आक्रमण वा भिडन्त भइसकेपछि सर्वसाधारणले हिंडडुल गरिरहने ठाउँमा जनमुक्ति सेनाले कैयौं नपड्केका युद्ध सामग्रीहरू छोडेर गएको पुष्टि गर्ने सामग्रीका तस्विरहरू मानवअधिकार उच्चायुक्तको कार्यालयले फेला पारेको छ ।

शाही नेपाली सेनाले गरेको बमबारीमा जस्तै अन्तर्राष्ट्रिय मानवीय कानुनमा भएको विभेदको सिद्धान्तले द्वन्द्वरत पक्षहरूले सर्वसाधारण र लडाकुबीच फरक छुट्याउनुपर्ने प्रावधान राखेको छ । कुनै खास सैन्य निसानामा निर्देशित गर्न नसकिने लडाइँका विधि र साधन विवेकशुन्य हुन्छन् र तिनीहरूलाई निषेध गरिएको छ[१४] ।

यस खालका अत्यन्त गम्भीर घटनाहरूमध्ये एउटा थियो, पोखरा (कास्की जिल्ला) सहरको अति व्यस्त सडकको बीचमा राखिएको विस्फोटक पदार्थ जुन फेब्रुअरी २७ मा दिउँसो विस्फोट हुँदा कैयौं व्यक्ति घाइते भएका थिए (हेर्नुहोस् घटना १०) । यसमा कुनै पनि चेतावनी दिइएको थिएन । कास्की जिल्लामैं योभन्दा दुई दिन अगाडि घटेको घटनाबारे नेकपा (माओवादी)ले प्राविधिक भूलबस उक्त घटना घटन गएको भनी क्षमायाचना गरेको थियो । तर, दोस्रो घटनाका सम्बन्धमा भने सो पार्टीबाट कुनै पनि जवाफ आएन । यी दुवै घटनामा नेकपा (माओवादी)का सदस्यहरूले सैनिक र गैरसैनिक

[१२] ICRC, पेज ४०-४३

[१३] अन्तर्राष्ट्रिय न्याय अदालत, आणविक हातहतियार मुद्दा । आणविक हातहतियारहरूको धम्की वा प्रयोगको वैधानिकताबारे परामर्श मत ।

[१४] ICRC, पेज ४०-४३

निसानाबीच फरक छुट्याउन सकेनन् । साथै, उनीहरू ती क्षेत्रका सर्वसाधारणहरूको संरक्षण गर्न सबै आवश्यक उपायहरू अपनाउन असफल रहे ।

**घ. भिडन्तको क्रममा वा भिडन्तपछि नेकपा (माओवादी)द्वारा भएको सर्वसाधारणको अपहरण**

जेनेभा महासन्धिको साझा धारा ३ ले युद्धमा सक्रिय भाग नलिएका व्यक्तिहरूलाई बन्धक बनाउन पाइने छैन् भनेको छ[१५] । प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुनले पनि बन्धक बनाउने कुराको निषेध गरेको छ[१६] ।

मानवअधिकार उच्चायुक्तको कार्यालयले छानबिन गरेका घटनाहरूमा आक्रमणपश्चात नेकपा (माओवादी)द्वारा भएका शृङ्खलाबद्ध अपहरणहरू पर्दछन् । अधिकांश अपहृत व्यक्तिहरू सरकारी, प्रशासकीय तथा अदालतका कर्मचारीहरू छन् । पाल्पा जिल्लाको तानसेनमा आक्रमण भएको बेला प्रमुख जिल्ला अधिकारीसहित दुई सरकारी अधिकारीहरूलाई अपहरण गरिएको थियो । धनकुटामा १० सरकारी अधिकारीलाई फेब्रुअरी ७ मा अपहरण गरियो । यस्ता घटनाहरूमा उच्चायुक्तको कार्यालयले अपहृतहरूको रिहाइको माग गर्ने गर्दछ । उच्चायोगलाई प्राप्त पछिल्लो जानकारीअनुसार यस प्रतिवेदनमा समावेश गरिएका घटनाहरू घटेको बेला अपहरण गरिएकामध्ये एकजना बाहेक सबैलाई छाडिसकिएको छ ।

धनकुटामा अपहरण गरिएका १२ सरकारी अधिकारीमध्ये एक पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालका सह-प्रशासक प्रेमप्रसाद सापकोटाको फेब्रुअरी १७ तारिखका दिन बिहान हिरासतमा मृत्यु भएकोमा उच्चायोग विशेष चिन्तित रह्यो (हेर्नुहोस् घटना ११) । नेकपा (माओवादी)द्वारा धनकुटा सदरमुकाममा भएको आक्रमणपश्चात यी १२ जनालाई अपहरण गरिएको थियो । यसै घटनामा तीन प्रहरी अधिकारीहरूलाई पनि बन्दी बनाइएको थियो । सरकारी अधिकारीहरूमध्ये ११ जनालाई केही समयपछि नै छाडियो भने प्रेमप्रसाद सापकोटा र तीन प्रहरी अधिकारीलाई नेकपा (माओवादी)को “छानबिनअन्तर्गत” हिरासतमा राखियो । निज सापकोटाको मृत्युपछि ती तीन प्रहरी अधिकारीहरूलाई छोडियो, तर उच्चायोगले तिनीहरूसँग अहिलेसम्म सोधपुछ गर्न पाएको छैन् । आधिकारिक लास जाँच रिपोर्टअनुसार प्रेमप्रसाद सापकोटाको स्वाभाविक मृत्यु भएको पाइए तापनि विधि विज्ञका अनुसार अपहृत अवस्थाले उनको पहिलेको अस्वथ्य शारीरिक अवस्थालाई अझ बढी गम्भीर बनाएको हुनसक्छ ।

क्षेत्रीय वा जिल्ला प्रशासकजस्ता सरकारी अधिकारीहरूलाई वैधानिक सैन्य निसाना मान्न सकिंदैन् । यीमध्ये सीडीओजस्ता केही सरकारी अधिकारीका दायित्व सुरक्षासँग सम्बन्धित विषयहरूमा निर्णय गर्ने कार्यमा हुनसक्ने भए पनि यी व्यक्तिहरू प्रत्यक्ष रूपमा युद्धमा सहभागी नहुने हुनाले आफ्नो निजामती हैसियत गुम्न सक्ने निश्चित सैन्य कारबाहीमा विशेष संलग्नता नभएसम्म उनीहरूलाई गैरलडाकु सम्झिनुपर्छ । यस्तो सैन्य कारबाहीमा सक्रिय संलग्नता भएमात्र निजामती हैसियत गुम्न सक्छ ।

**ङ. सार्वजनिक भवनहरूको क्षति र विनास**

अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गतको विभेदको सिद्धान्तले द्वन्द्वरत पक्षहरूले लडाकु र गैरसैनिकहरूबीचमात्र भेद छुट्याउने नभइ सैन्य उद्देश्य र गैरसैनिक वस्तुहरूबीच पनि भेद छुट्याउनु पर्ने व्यवस्था गरेको छ[१७] । गैरसैनिक वस्तु ती सबै वस्तु हुन जुन सैनिक उद्देश्य होइनन्; जस्तै, वस्तुहरू “जो आफ्नो स्वभाव, अवस्थिति, उद्देश्य वा प्रयोगले सैन्य कारबाहीमा प्रभावकारी योगदान पुऱ्याउन सक्छन् र जसको आंशिक वा पूर्ण विनासले तत्कालीन परिस्थितिमा निश्चित सैनिक फाइदा दिन सक्छ”[१८] । गैरसैनिक वस्तुहरू जबसम्म सैन्य उद्देश्यका लागि प्रयोग हुँदैनन् तबसम्म त्यसमाथिको आक्रमण निषेधित छ[१९] ।

सन् २००६ जनवरीको प्रारम्भतिर लडाइँ पुनः सुरु भएयता नेकपा (माओवादी)ले बारम्बार सार्वजनिक सेवाका भवनहरूलगायत गैरसैनिक निसानामाथि आक्रमण गरेको छ । पाल्पा जिल्लाको सदरमुकाम तानसेन र धनकुटा जिल्लाको सदरमुकाम धनकुटामा गरिएको आक्रमणमा सरकारी आधारभूत संरचनाहरू पूर्ण रूपले ध्वस्त भए । देशकै साँस्कृतिक धरोहर मानिएको तानसेन दरबार सदरमुकाम तानसेनको आक्रमणमा परि ध्वस्त भयो । काभ्रे जिल्लाको पनौती नगरपालिकामा जनमुक्ति सेनाको आक्रमणमा नगरपालिका भवनहरूको विनास भएको कुरा उच्चायोगले पुष्टि गऱ्यो ।

---

[१५] साझा धारा ३ (१) (ख)

[१६] ICRC, पेज ३३४-३३६ । दोस्रो सन्धिपत्र पनि, धारा ४ (२) (ग)

[१७] ICRC, पेज २५-२९ । निश्चित परम्परागत हतियारहरूसम्बन्धी महासन्धिको सन्धिपत्र (दोस्रो) पनि, धारा १ (४)

[१८] ICRC, पेज २९-३४

[१९] ICRC, पेज ३४-३६

### च. लडाइँमा नभएको अवस्थामा रहेका सुरक्षाफौजका सदस्यहरूको जानाजानी हत्या गरिएको आरोप

अन्तर्राष्ट्रिय मानवीय कानुनमा उल्लिखित विभेदको सिद्धान्तअन्तर्गत सुरक्षाफौजका निश्शस्त्र सदस्यहरू, हतियार बिसाएका सशस्त्रफौजका सदस्यहरू र बिरामी, घाइते, थुना वा अन्य कुनै कारणले युद्धबाट बाहिर रहेका व्यक्तिहरूलगायत युद्धमा सक्रिय वा प्रत्यक्ष रूपले भाग नलिने व्यक्तिहरूमाथि हुने आक्रमणहरूलाई अत्यन्तै कडाइकासाथ निषेध गरिएको छ[२०]।

जनवरी १० मा काठमाडौँ जिल्लाको थानकोट गाविसस्थित प्रहरी थानामा भएको आक्रमणको बेला (हेर्नुहोस् घटना १), जनमुक्ति सेनाका सदस्यहरूले ट्राफिक प्रहरी हवल्दार दिपेन्द्र निरौलाको हत्या गरे । ट्राफिक प्रहरीलाई उनीहरूको आफ्नो कामको प्रकृतिले गर्दा नै सैनिक निसाना बनाइनु हुँदैन् किनभने उनीहरू युद्धमा प्रत्यक्ष रूपले भाग लिँदैनन् । निज ट्राफिक प्रहरी आफ्नो पोसाकले गर्दा स्पष्ट चिन्हिने र निश्शस्त्र भएको पुष्टि गर्ने पर्याप्त बयानहरू फेला परेका छन् । कतिपय व्यक्तिले दिएका बयानअनुसार, आक्रमणको बेला उनी आफ्नो नियमित कर्तव्य पूरा गरिरहेका थिए र अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानअन्तर्गत संरक्षित हुन पाउने आफ्नो अधिकार गुमाउन सक्ने कुनै पनि कारबाहीमा उनी संलग्न थिएनन् । तथापि, उच्चायोग आरोप लगाइएजस्तो पाँच प्रहरी पनि कब्जामा लिइसकेपछि मारिएका हुन कि होइनन् भन्नेबारे ठोस निष्कर्षमा पुग्न सकेन् ।

अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार कब्जामा लिइएका सुरक्षाफौजका सदस्यहरूलाई बन्दी अवस्थामा मानवोचित व्यवहार गरिनुपर्छ । फेब्रुअरी ९ मा नवलपरासी जिल्लाको सुनवलमा भएको आक्रमणमा शाही नेपाली सैनिकहरूलाई जनमुक्ति सेनाले कब्जामा लिइसकेपछि हत्या गरे भन्ने गम्भीर आरोपहरू उच्चायोगले शानेसेबाट प्राप्त गऱ्यो (हेर्नुहोस् घटना ८) । उच्चायोगको अनुसन्धानले शाही नेपाली सैनिकहरूलाई बन्दी बनाइएको थियो कि थिएन र नेकपा (माओवादी)को नियन्त्रणमैं हुँदा उनीहरूको हत्या गरियो कि गरिएन भन्ने निर्क्योल गर्न पर्याप्त बयानहरू अहिलेसम्म पाएको छैन् । तीन सैनिकलाई जानाजानी हत्या गरी अङ्गभङ्ग गरियो र अर्का एकलाई काभ्रे जिल्लाको भन्ज्याङस्थित शानेसेको चेकप्वाइन्टमाथि भएको (हेर्नुहोस् घटना ८) आक्रमणपश्चात नेकपा (माओवादी)द्वारा अपहरण गरियो भन्ने आरोपहरू पनि उच्चायोगले शानेसेबाट मार्च ६ मा प्राप्त गऱ्यो । तर अनुसन्धानको क्रममा उच्चायोगले यससम्बन्धी राष्ट्रिय र जिल्लातहका शाही नेपाली सेनाका अधिकारीहरूबाटसमेत अन्तरविरोधी भनाइहरू प्राप्त गऱ्यो । अपहृत भए भनिएका सैनिक वास्तवमा दुई दिनपछि कार्यालयमा हाजिर भए र तीनजना सिपाही कसरी मरे भन्नेबारे पनि विरोधाभाषपूर्ण रिपोर्टहरू प्राप्त भए । उच्चायोगले यी घटनाहरूको आफ्नो अनुसन्धान जारी राखेको छ । उच्चायोगलाई थाहा भएसम्म यो अध्ययनले समेटेका आक्रमणहरूको क्रममा कब्जामा लिइएका भनिएका सुरक्षाफौज (प्रहरी र शानेसे)का अन्य सबै सदस्यलाई रिहा गरिसकिइएको छ ।

### छ. बालबालिकाको प्रयोग

प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुनले सशस्त्रफौज वा समूहहरूमा बालबालिकाको भर्तीलाई निषेध गर्नुका साथै युद्धमा उनीहरूको सहभागितालाई पनि वर्जित गरेको छ[२१] । यो उद्देश्यका लागि “सहभागिता” भन्नाले लडाइँमा प्रत्यक्ष सहभागिता मात्र नभएर, पथप्रदर्शक (Guides), दूत, भरिया र युद्धसँग सम्बन्धित अन्य कार्यमा बालबालिकाको प्रयोग पनि हो भन्ने कुरालाई व्यापक रूपमा स्वीकार गरिएको छ[२२] । प्रथागत अन्तर्राष्ट्रिय कानुनअन्तर्गत भर्ती र सहभागिताका लागि न्यूनतम उमेर कति हो भन्ने अझै यकिन भइसकेको छैन्[२३] । नेपालले हस्ताक्षर गरेको तर अनुमोदन गर्न बाँकी रहेको सशस्त्र द्वन्द्वमा बालबालिकासम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्रले भर्तीका लागि न्यूनतम उमेर १८ वर्ष तोकेको छ ।

पाल्पा जिल्लाको तानसेनमा भएका भिडन्तमा जनमुक्ति सेनामा धेरै बालबालिका प्रयोग गरिएका थिए भन्ने प्रत्यक्षदर्शीका भनाइहरू उच्चायोगले सङ्कलन गऱ्यो (हेर्नुहोस् घटना ७) । काभ्रे जिल्लाको पनौतीमा जनमुक्ति सेनाको आक्रमणको क्रममा भरिया र सहयोगीको रूपमा ठूलो सङ्ख्यामा बालबालिकाहरूको प्रयोग गरिएको थियो भन्ने बयानहरू पनि उच्चायोगले सङ्कलन गरेको छ (हेर्नुहोस् घटना ३) । अर्घाखाँची जिल्लाको पनेना, पोखराथोक र खिदिम गाविसहरूमा भएका भिडन्तपछि (हेर्नुहोस् घटना ९) शाही नेपाली सेनाले १५-१८ वर्षबीचका जनमुक्ति सेनाका सदस्यहरू भनिएका १४ बालबालिकालाई पक्राउ गऱ्यो । तीमध्ये ११ जना बालिका थिए र एकजना सख्त घाइते थिइन् । उनीहरूलाई पछि नेपाल प्रहरीको सुरक्षामा हस्तान्तरण गरियो । तर अन्ततः उनीहरूलाई मुक्त गरी मानवीय क्षेत्रमा कार्यरत एउटा संस्थालाई जिम्मा लगाइयो ।

---

[२०] साझा धारा ३ (१) (क) । ICRC पनि, पेज ३११-३१२; दोस्रो सन्धिपत्र, धारा ४ (२) (क) ।

[२१] ICRC, पेज ४८२-४८८

[२२] ICRC, पेज ४८९-४९०

[२३] ICRC, पेज ४८४-४८५ । हेर्नुहोस् बालअधिकार महासन्धि, धारा ३८ (२) र (३) एवं दोस्रो सन्धिपत्र, धारा ४ (३) (ग)

## IV. उच्चायोगले छानबिन गरेका घटनाहरू

### मध्यमाञ्चल क्षेत्र

**<u>घटना</u> १: थानकोट गाविस, काठमाडौँ जिल्ला**

सन् २००६ जनवरी १३ मा जनमुक्ति सेनाका सदस्यहरूले काठमाडौँ जिल्लाको थानकोट गाविसस्थित नेपाल प्रहरीको थानामा आक्रमण गरे । आक्रमणमा एक ट्राफिक प्रहरी अधिकृत र ११ अन्य प्रहरी कर्मचारी मारिनुका साथै आठजना घाइते भए । उक्त प्रहरी थानाका इन्चार्ज अधिकृतसहित पाँच प्रहरीलाई कब्जामा लिइसकेपछि गोली हानी हत्या गरियो भन्ने नेपाल प्रहरीको आरोपहरूको सम्बन्धमा पूर्ण तथ्यहरू स्थापना गर्न उच्चायोगको अहिलेसम्मको छानबिनले सकेको छैन् । यी आरोपहरूको सम्बन्धमा निष्कर्षमा पुग्न नसक्नुको एउटा कारण हत्याका प्रत्यक्षदर्शी भनी दावी गर्नेहरूको आपसमा विरोधाभाषपूर्ण कथनहरू हुन् । अर्को कुरा, लास जाँच रिपोर्टहरू पनि नेपाल प्रहरीको भनाइसँग प्रष्टसँग मेल खाँदैनन् । सोही घटनामा स्पष्टै चिन्हिने निश्शस्त्र ट्राफिक प्रहरी अधिकृत दिपेन्द्र निरौलालाई जानीबुझी हत्या गरिएको पुष्टि गर्ने एकैखालका बयानहरू उच्चायोगले सङ्कलन गर्‍यो । फेब्रुअरी महिनामा भएको सम्पर्कको बेला नेकपा (माओवादी)को नेतृत्वले निश्शस्त्र प्रहरीलाई निसाना बनाउने आफ्नो उद्देश्य नरहेको जानकारी उच्चायुक्तको कार्यालयलाई दिएको थियो ।

**<u>घटना</u> २: फापरबारी गाविस, मकवानपुर जिल्ला**

सन् २००६ जनवरी २१ मा, साँझ ६:३० तिर, जनमुक्ति सेनाका सदस्यहरूले मकवानपुर जिल्लाको फापरबारी गाविसको बस्ती भएको क्षेत्रमा सुरक्षाफौजको एक गस्ती टोलीमाथि आक्रमण गरे । उच्चायोगले आफ्नो स्थलगत अनुसन्धानपछि भिडन्तको क्रममा हात माथि उठाएको अवस्थामा शाही नेपाली सेनाद्वारा एक सर्वसाधारणलाई मारिएको पायो । तर, निजलाई गोली दाग्ने शाही नेपाली सेनाका सैनिकले पीडित व्यक्तिको गैरसैनिक हैसियत ठम्याउन सके, नसकेको कुरा निश्चय गर्न पर्याप्त प्रमाणको अभाव रहेको छ । निज सर्वसाधारण हात माथि उठाउँदै बाहिर आएको एवं जनमुक्ति सेना र शानेसेको बीचमा परेको समयमा नियन्त्रणमा लिइएका घरहरूबाट जनमुक्ति सेनाका सदस्यहरू शानेसेसँगको युद्धमा संलग्न थिए ।

नेकपा (माओवादी)को भनी ठानिएको आदेश र आपूर्ति शृङ्खला (Chain of Command and Supply) ध्वस्त पार्न शानेसेले जानीजानी हेलिकप्टरबाट कम्तीमा पाँच वा सोभन्दा बढी मोर्टार बम व्यापक क्षेत्रमा खसालेको कुरा उच्चायोगले आफ्नो छानबिनबाट थाहा पायो । भिडन्त भएकोभन्दा करिब ३ किमि टाढा एक ठाउँमा १०० मि व्यास भएको क्षेत्रभित्र मार हान्न सक्ने क्षमता भएको एउटा ८१ एमएमको मोर्टार बम तत्कालीन समयमा १७ सर्वसाधारण रहेको एउटा घरको १५ मि भित्रको क्षेत्रमा खसालियो । सो घटनामा घरको पहिलो तलामा सुतिरहेका एक चारवर्षीय बालक रेशमबहादुर भोलानको बमको छर्रा लागेर ज्यान गयो । झुरझुरीमा जनमुक्ति सेनाका सदस्यहरूले जानाजान ढालको रूपमा प्रयोग गरिरहेका दुई घरमा शाही नेपाली सेनाले विस्फोटक पदार्थ फ्याँकेपछि उक्त घरहरू आगोमा परी क्षतिग्रस्त भएको पनि उच्चायोगले पुष्टि गर्‍यो ।

सन् २००६ जनवरी २८ मा, मकवानपुर जिल्लाको सदरमुकाम हेटौँडाको ७ नं. गणका एक वरिष्ठ शानेसेका अधिकारीले भिडन्त भएको क्षेत्र वरपर शाही नेपाली सेनाका हेलिकप्टरबाट मोर्टार बम खसालिएको कुरा स्वीकारेका थिए । पछि उक्त भिडन्तमा भाग लिने सेनाका एक वरिष्ठ कमाण्डरले यो कुरालाई अस्वीकार गर्नुका साथै सो बच्चाको मृत्यु भएको वा सोको दायित्वबारे अनभिज्ञता प्रकट गरे । नेकपा (माओवादी)को दक्षिणपूर्वी क्षेत्रका राजनीतिक कमाण्डरले उच्चायोगलाई बताएअनुसार सो क्षेत्रमा सर्वसाधारणविरुद्ध भइरहेका दुर्व्यवहार र त्यहाँ हुनलागेको माओवादीको राजनीतिक भेलामा शानेसेले आक्रमण गर्ने योजना बनाएको सूचना पाएर जनमुक्ति सेना शानेसेमाथि आक्रमण गर्न बाध्य भएको थियो । सर्वसाधारणको हताहती न्यून गर्न आफ्ना सदस्यहरूले उपायहरू अपनाएको कुरा पनि माओवादीले बतायो । उदाहरणका लागि, पीएलए (PLA)को टुकडीले सर्वसाधारणलाई पूर्वचेतावनी दिएको र भिडन्त सुरु भएको बेला त्यहाँ रहेका सर्वसाधारणलाई अन्यत्र सारिएको उनीहरूले दावी गरे । तैपनि, उच्चायोगलाई प्राप्त अन्य प्रत्यक्षदर्शीका भनाइहरूले यी दावीहरूको खण्डन गरेका छन् ।

**<u>घटना</u> ३ : पनौती नगरपालिका, काभ्रे जिल्ला**

सन् २००६ फेब्रुअरी ६ मा, राति ८:३० बजे, जनमुक्ति सेनाले पनौती नगरपालिका भवनको वरपर बस्ती भएको क्षेत्रमा, पनौतीस्थित सेनाको क्याम्प र काभ्रेकै धुलिखेलस्थित सेनाको गण नं. ९ मा आक्रमण गर्‍यो । जनमुक्ति सेनाको फौजमा ठूलो सङ्ख्यामा बालबालिकाहरू रहेका बयानहरू उच्चायोगले फेला पार्‍यो । कारबाहीका क्रममा कतिपय सर्वसाधारणका घरहरू जनमुक्ति सेनाका सदस्यहरूले लड्नका लागि आफ्नो कब्जामा लिएको र त्यहिँबाट नगरपालिका भवनमा रहेका सुरक्षाकर्मीहरूमाथि आक्रमण गरेको कुरा उच्चायोगले पुष्टि गर्‍यो । गोली हानाहानमा एक सर्वसाधारणको मृत्यु हुनुका

साथै नगरपालिका भवनमा आंशिक रूपले क्षति पुग्यो । पनौतीस्थित सैनिक क्याम्पमा भएको आक्रमणमा जनमुक्ति सेनाका सदस्यहरूले आक्रमणका लागि गोरखनाथ प्राथमिक विद्यालयको एक भाग प्रयोग गरेको र गोली हानाहानमा सर्वसाधारणलाई क्षति पुग्ने गरी खतरामा पारेर सोही ठाउँबाट बस्ती भएको क्षेत्रमा आक्रमण सञ्चालन गरेको थियो । थप हताहती हुन नदिन शानेसेले गरेका प्रयासहरूलाई ओएचसीएचआरले पुष्टि गऱ्यो । सेनाको एउटा हेलिकप्टर सो क्षेत्रमा रहेको र यसले त्यहाँ बमबारी गर्ने हो कि भनेर त्रस्त भएको सर्वसाधारणले उच्चायोगलाई बताए । सन् २००६ फेब्रुअरी ११ मा शाही सेनाको पनौतीस्थित गुल्मका एक वरिष्ठ अधिकारी र धुलिखेलस्थित सैनिक गणका अर्का वरिष्ठ अधिकारीले उक्त क्षेत्रमा बस्ती भएको र धेरै मानिस हताहत तथा निकै विनास हुने खतरा भएकाले हेलिकप्टरभित्र रहेका सुरक्षाकर्मीहरूलाई सो क्षेत्रमा बम नखसाउन निर्देशन दिइएको उच्चायोगलाई बताएका थिए । बस्ती भएका क्षेत्रमा लडाइँ सञ्चालन गरेर नेकपा (माओवादी)ले सर्वसाधारणलाई जोखिममा पुऱ्याएको हुनाले उच्चायुक्तको कार्यालय सोबारे चिन्तित छ ।

पनौती नगरपालिकामा आक्रमण भएको केही दिनपछि जनमुक्ति सेनाका फौजले आक्रमणपश्चात वरपरका क्षेत्रमा छोडेर गएका नपड्केको घरेलु विस्फोटक पदार्थ खेलाउँदा तीन बालबालिका सख्त घाइते भए ।

आक्रमणपश्चात, सन् २००६ फेब्रुअरी २४ मा, मध्यराततिर, साधा पोसाकमा १०-११ जना शाही सेनाका सुरक्षाकर्मीहरू माओवादी भएको बहाना गर्दै पनौतीको तिपचोक गाउँमा पुगे र सात सर्वसाधारणलाई नेकपा (माओवादी)सँग उनीहरूको संलग्नताबारे र नगरपालिकामा भएको आक्रमणमा मृतक तथा घाइते माओवादीहरूलाई बोक्ने कार्यमा उनीहरूको शङ्कास्पद सहयोगबारे सोधे । सोधपुछको क्रममा एक जनालाई गम्भीर रूपमा कुटपिट गरियो भने अन्य ६ जनालाई मौखिक धम्की दिइयो । पिटिएको व्यक्ति नाबालक थिए भन्ने प्रारम्भिक रिपोर्टहरूको उच्चायोगले पुष्टि गर्न सकेन । मार्च २, २००६ मा धुलिखेलस्थित गणका एक वरिष्ठ सैनिक अधिकारीले सेनाको एउटा टोली गाउँमा गस्ती गर्न गएको र पिटाइ खाने व्यक्तिलाई औषधोपचारका लागि पछि पैसा दिइएको पुष्टि गरे । शानेसेको यो सुत्रका अनुसार गणपतिले गरेको आन्तरिक छानबिनले एक सिपाही (जसको नाम उच्चायोगलाई भनिएन) लाई अशिष्ट आचरण गरेकोमा दोषी पाइयो र निजलाई जागिरबाट ७ दिनका लागि निलम्बन गरियो । गस्ती टोलीका इन्चार्ज सेनानी (Major) विरुद्ध कुनै कारबाही भएन । उच्चायुक्तको कार्यालयले छानबिनको पूर्ण विवरण अझै हेर्न पाएको छैन् ।

**<u>घटना</u> ४ : पशुपतिनगर क्षेत्र, सदरमुकाम हेटौंडा, मकवानपुर जिल्ला**

सन् २००६ फेब्रुअरी ६ मा, विहान ११:३० बजे, जनमुक्ति सेनाले मकवानपुर जिल्लाको पशुपतिनगरस्थित नेपाल प्रहरीको चेकप्वाइन्टमा बन्दुक र आईईडी प्रयोग गरेर आक्रमण गऱ्यो । आक्रमणमा भाग लिने जनमुक्ति सेनाका सिपाहीहरूले सर्वसाधारणका घर तथा पसलहरूबाट प्रहरी चेकप्वाइन्टमा लुकेर आक्रमण गर्नका लागि सो ठाउँमा पोजिसन बनाएका थिए । तैपनि, उक्त आक्रमणमा कोही पनि सर्वसाधारण हताहत भएनन् । सन् २००६ फेब्रुअरी ९ मा हेटौंडास्थित शाही नेपाली सैनिक क्याम्पका एक वरिष्ठ अधिकारीले जनमुक्ति सेनाको आक्रमणमा सुरक्षाफौजले आफ्नो शक्ति प्रयोगमा धैर्य अपनाएको बताए । प्रहरी र शानेसेद्वारा भएको जवाफी कारबाहीमा धेरै सर्वसाधारणका घरहरूमा गोली लाग्यो र केही व्यक्तिहरू मुश्किलले बाँचे । आक्रमणपूर्व सर्वसाधारणलाई पीएलएले चेतावनी दिएको थियो, थिएन भन्नेबारे विरोधाभाषपूर्ण भनाइहरू आए ।

**<u>घटना</u> ५ : भन्ज्याङ, काभ्रे जिल्ला**

सन् २००६ फेब्रुअरी २७ मा, विहान ८:३० बजे, जनमुक्ति सेनाका तीनवटा ट्रकमा आएका ५० जति सदस्यहरूले काभ्रे जिल्लाको भन्ज्याङमा स्थापना गरिएको शाही नेपाली सेनाको नयाँ चेकप्वाइन्टमा आक्रमण गरे । आक्रमणका बेला सो चेकप्वाइन्टमा २६ सैनिक कार्यरत थिए । जनमुक्ति सेनाले आक्रमणका लागि छनोट गरेको समय दिनको सबैभन्दा व्यस्त समय थियो, जसले गर्दा विद्यालय गइरहेका लगभग ५० बालबालिकासहित ठूलो सङ्ख्यामा सर्वसाधारणहरूको जीवन खतरामा पऱ्यो । परिणामस्वरूप दुई सर्वसाधारण घाइते भए । बम विस्फोटन र गोली लागेर तीन शाही नेपाली सैनिकको मृत्यु भयो भने एक सैनिक घाइते भए । सोही दिन नेकपा (माओवादी)ले जनमुक्ति सेनाको तेस्रो डिभिजनले आक्रमण गरेको पुष्टि गर्दै वक्तव्य निकाल्यो । मार्च ६, २००६ मा सेनाको मानवअधिकार सेलले एक सैनिक हराएको र अन्य तीनलाई नियन्त्रणमा लिईसकेपछि हत्या र अङ्गभङ्ग गरिएको कुरा उच्चायोगमा रिपोर्ट गऱ्यो । काभ्रेको छानबिनको क्रममा हराएका सैनिक दुई दिनपछि आफ्नो काममा हाजिर भएको उच्चायोगलाई थाहा भयो र अन्य तीन सिपाही कसरी मरे भन्नेबारे सेनाबाटसमेत परस्परविरोधी सूचना प्राप्त गरियो । यी आरोपहरूबारे उच्चायोगले आफ्ना अनुसन्धान जारी राखेको छ ।

### पश्चिमाञ्चल क्षेत्र

**घटना ६ : मनकामना र किचनास गाविसहरू, स्याङ्जा जिल्ला**

सन् २००६ जनवरी १२ र १३ मा, स्याङ्जा जिल्लाका विभिन्न ठाउँमा शाही नेपाली सेना र जनमुक्ति सेनाबीच भिडन्तहरू भए । जनवरी १२ मा मनकामना गाविसको घट्टे र सापुडी गाउँको बस्ती भएको क्षेत्रमा लडाइँ भयो । गोली हानाहानमा एक सर्वसाधारण मारिए । पीएलएका ११ सदस्य भिडन्तमा मारिए भन्ने समाचार प्राप्त भयो । सर्वसाधारणलाई हताहत हुनबाट जोगाउन शानेसेले सो क्षेत्रमा गरेको प्रयासहरू तथा गैरसैनिक सम्पत्तिको विनासबारे बयानहरू उच्चायोगले प्राप्त गऱ्यो ।

सन् २००६ जनवरी १३ मा स्याङजाकै किचनास गाविसस्थित एउटा स्कुलमा दुवैपक्षबीच भिडन्त भयो । चिन्ताको कुरा के भने दुवै पक्षले शिक्षक तथा स्कुले बालबालिकाको जीवन जोखिममा पारे । स्थलगत निरीक्षणपछि, केही जनमुक्ति सेनाका सदस्यहरूले सेनाले हेलिकप्टरबाट आक्रमण थालेपछि थानापाटीको प्राथमिक विद्यालयका बालबालिकाको कक्षाकोठामा आश्रय लिएको निष्कर्षमा उच्चायोग पुगेको छ । त्यसबेला उक्त स्कुलमा १३० बालबालिका र ५ शिक्षक उपस्थित थिए । फलस्वरूप सेनाले हेलिकप्टरबाट प्रहार गरेको गोलीबाट तीनवटा कक्षाकोठामा क्षति पुग्यो । सेनाले कक्षाकोठाको झ्यालमा गोली प्रहार गर्दा बालबालिकाबीच आश्रय लिएका जनमुक्ति सेनाका एक सदस्यको तिघ्रामा चोट लाग्यो । फेरि, सर्वसाधारणका घर नजिकबाट जनमुक्ति सेनाले हेलिकप्टरमा गोली चलाएको हुनाले प्रतिक्रियास्वरूप सर्वसाधारणको बस्ती भएको क्षेत्रमा गोली चल्यो । सेनाले हेलिकप्टरबाट खसाएको बम स्कुलबाट लगभग २०० मि र राम्चे गाउँका घरहरूभन्दा ३० मि टाढा गएर खस्यो । यो बम विस्फोट हुन सकेन् । यदि यो विस्फोट भएको भए सो क्षेत्रका बालबालिकालगायत सर्वसाधाराणलाई निकै ठूलो क्षति हुनसक्थ्यो । घटनापछि जनमुक्ति सेना स्कुलमा आएर उक्त घटनाका लागि शिक्षकहरूसँग माफी मागे ।

सन् २००६ जनवरी १७ मा, स्याङजा जिल्लाका एक वरिष्ठ सैनिक अधिकारीले उच्चायोगसँगको भेटमा सेनाले विद्यालय प्राङ्गणमा भएको भिडन्तमा हवाई बमबारी नगरेको र हेलिकप्टरहरू केवल मनोवैज्ञानिक युद्धका लागि प्रयोग गरिएको दावी गरे । उच्चायोगले प्राप्त गरेका बयानहरू र गाउँमा पाइएका नपड्केका युद्ध सामग्रीको यसको आफ्नै अध्ययनले यो कुराको खण्डन गऱ्यो ।

**घटना ७ : सदरमुकाम तानसेन, पाल्पा जिल्ला**

सन् २००६ जनवरी ३१ मा, राति करिब ११ बजे, जनमुक्ति सेनाले पाल्पाको तानसेनस्थित शाही नेपाली सैनिक क्याम्प, जिल्ला कारागार, जिल्ला प्रहरी कार्यालय र सरकारी कार्यालयहरूमाथि एकैसाथ आक्रमण गऱ्यो । उच्चायोगले जनमुक्ति सेनाको सशस्त्रफौजमा कम्तीमा ५० बाल सैनिक रहेको भन्ने प्रत्यक्षदर्शीका भनाइहरू सङ्कलन गऱ्यो । यसले शानेसे तथा जनमुक्ति सेना दुवैले भिडन्तमा सर्वसाधारणका घर जग्गा प्रयोग गरेको कुराको पुष्टि गऱ्यो, जसले गर्दा सर्वसाधारणहरू जोखिममा पर्न गए । सीडीओ कार्यालयभित्र एक सर्वसाधारण व्यक्ति घाँटीमा चोट लागी मारिएको अवस्थामा फेला परे । कतिपय सरकारी कार्यालयहरू आगो लगाइ ध्वस्त गरिए । आक्रमणको बेला सेनाले हेलिकप्टरबाट थप सहयोग प्राप्त गऱ्यो । हेलिकप्टरहरूले १२० एमएम मोर्टार बमहरू खसाए, जसले गर्दा श्रीनगर होटललगायत सर्वसाधारणको सम्पत्तिमा क्षति पुग्नगयो । जनमुक्ति सेनाले आक्रमणको बेला १३९ थुनुवालाई मुक्त गर्नुका साथै २९ लाई आफ्नो कब्जामा लियो । यसरी कब्जामा लिइएकाहरूमा सीडीओ, प्रहरी अधिकृत, प्रशिक्षार्थी एवं शाही नेपाली सैनिकहरू थिए । पछि ती सबैलाई रिहा गरियो ।

सन् २००६ फेब्रुअरी ३ मा, शानसेको तानसेनस्थित गुल्मका वरिष्ठ अधिकारी र डीएसपीले सुरक्षाफौजका ११ सदस्य, जनमुक्ति सेनाका चार सदस्य र एक सर्वसाधारण मारिएको तथा २२ सुरक्षाकर्मी घाइते भएको जानकारी उच्चायोगलाई दिए । आक्रमणमा एक बालिका घाइते भएको जानकारी गराइए पनि यो कुराको पुष्टि गर्न सकिएन् । सैनिक अधिकारीले सर्वसाधारणलाई हताहत हुनबाट जोगाउन गोली हान्ने कार्यलाई नियन्त्रण गर्न सैनिकहरूलाई निर्देशन दिइएको कुरा बताए । आक्रमणका बेला जनमुक्ति सेनाका सदस्यहरूले सर्वसाधारणका घरका छत प्रयोग गरेको हुनाले यसो गर्नु आवश्यक थियो भनियो । सन् २००६ फेब्रुअरी १ मा जनमुक्ति सेनाको पश्चिमी सैन्य कमाण्डद्वारा जारी वक्तव्यले शानेसेको दावीलाई खण्डन गऱ्यो ।

**घटना ८ : सुनवल गाउँ, नवलपरासी जिल्ला**

सन् २००६ फेब्रुअरी ९ मा, जनमुक्ति सेनाले महेन्द्र राजमार्गको अवरोध हटाउन आएका सुरक्षाफौज (शानेसे र प्रहरी)का चारवटा ट्रकहरूलाई धरापमा पारे । एम्बुस नवलपरासी जिल्लाको सुनवल नजिकै सर्वसाधारणको बस्ती भएको देवदहमा थापिएको थियो । यसपछि सुरक्षाफौज र सर्वसाधारणका घरपछाडि लुकेर बसेका जनमुक्ति सेनाका सदस्यहरूबीच गाउँमा लडाइँ सुरु भयो । फलस्वरूप एक सर्वसाधारण घाइते भए भने १७ सुरक्षाकर्मी र जनमुक्ति सेनाका तीन सदस्य मारिए । घटनास्थल छोड्नुभन्दा अघि सुरक्षाफौजले प्रयोग गरेका चारवटा गाडीमा जनमुक्ति सेनाले आगो लगाए । लगभग दुई

घण्टापछि जनमुक्ति सेनाले सुनबलबाट परासीतर्फ जाने बाटोमा बिच्छ्याइएको दूरनियन्त्रक बम विस्फोट गराए । यो विस्फोटन सैनिक गाडीलाई लक्षित गरी गराइएको थियो तर उल्टो एक सर्वसाधारण महिलाको मृत्यु हुनपुग्यो भने साइकल चढेर गइरहेका अन्य तीनजना घाइते भए । जनमुक्ति सेनाका सदस्यहरूले सुरक्षाफौजका १२ सदस्यहरूलाई पनि अपहरण गरे । उनीहरूलाई पछि पाल्पामा पत्रकार तथा मानवअधिकारकर्मीहरूको उपस्थितिमा छाडियो । सुरक्षाफौजका कतिपय सदस्यलाई नियन्त्रणमा लिइसकेपछि जनमुक्ति सेनाले हत्या गरेको भन्ने आरोप पनि शाही नेपाली सेनाले लगाएको थियो । लास जाँच रिपोर्टहरूबाट केहीको टाउकामा गोली लागेको देखिए तापनि गोली हानिएको परिस्थिति ठम्याउन उच्चायोगले सकेको छैन् ।

**<u>घटना</u> ९ : पनेना, पोखराथोक र खिदिम गाविसहरू, अर्घाखाँची जिल्ला**

सन् २००६ फेब्रुअरी २६ र २८ मा पाल्पा, रूपन्देही र अर्घाखाँची जिल्लाको सीमानामा शाही नेपाली सेना र जनमुक्ती सेनाबीच थप भिडन्तहरू भए । भिडन्त बस्ती नभएको क्षेत्रमा सुरु भए तापनि पछि सहरीक्षेत्रतर्फ तानिएको निष्कर्ष उच्चायोगको छ । त्यसबेला कम्तीमा तीनवटा घटना भएको र सर्वसाधारणको बसोबास भएको क्षेत्रमा शाही नेपाली सेनाले हेलिकप्टरबाट जथाभावी बमबारी गरेको र गोली प्रहार गरेको कुरा उच्चायोगको छानबिनले देखायो । फलस्वरूप, खिदिम गाविसमा एक १४ वर्षीय बालक पवन गौतम मारिए भने ६ सर्वासाधारण (४ बालबालिकासहित) घाइते भए । तीमध्ये केहीको अवस्था गम्भीर थियो । गाउँलेहरूका अनुसार शानेसेद्वारा भएको बमबारी र गोलीबारीको बेला गाउँमा पीएलएका सदस्यहरू थिएनन् । पोखराथोक गाविसमा २४ वर्षीय किसान प्रकाश घर्तीको हेलिकप्टरबाट खसाइएको बमबाट ज्यान गयो ।

सन् २००६ फेब्रुअरी २८ मा, भिडन्तपछिको अवस्थामा जनमुक्ति सेनाको सदस्य भनिएका १५ देखि १८ वर्षबीचका १४ व्यक्ति (११ बालिकासहित)लाई शाही नेपाली सेनाले खिदिम गाविसमा पक्राउ गऱ्यो । सुरुमा उनीहरूलाई रूपन्देही जिल्लाको बुटवलस्थित शानेसेको २२औं बाहिनीको सैनिक क्याम्पमा राखिएको थियो । सन् २००६ मार्च १ मा उनीहरूलाई नेपाल प्रहरीको हिरासतमा सारिनुका साथै टाडोअन्तर्गत बारम्बार उनीहरूलाई निवारक नजरबन्दमा राखियो । मार्च १५, २००६ मा ती सबैलाई मुक्त गरी मानवीय क्षेत्रमा कार्यरत एक संस्थाको जिम्मामा हस्तान्तरण गरियो ।

**<u>घटना</u> १० : छोरेपाटन इलाका र पोखरा सहर, कास्की जिल्ला**

फेब्रुअरी २५ र २७ मा क्रमशः छोरेपाटन र पोखरा सहरमा नेकपा (माओवादी)बाट गरिएका भनिएका दुईवटा बम आक्रमणमा कम्तीमा पनि १२ सर्वसाधारण घाइते भए । उच्चायोगले यी दुई बम आक्रमणको छानबिन सम्पन्न गरेको छ । एउटा बम बस स्टपबाट लगभग १० मिटर र प्रहरीचौकीबाट १०० मिटर टाढा छोडिएको थियो । दोस्रोचाहिँ उक्त क्षेत्र भएर जाने सेनाको गस्ती टोलीमाथि लक्षित गरिएको भए पनि सहरको व्यस्त बजार क्षेत्रमा मध्य दिउँसो विस्फोटन भयो । प्रत्येक घटनामा नेपालस्थित उच्चायुक्तको कार्यालयले सर्वसाधारणको संरक्षण गर्न सावधानीहरू नअपनाइएको पायो । सर्वसाधारण आवतजावत गरिरहने सहरी क्षेत्रहरूमा बमहरू छाडिए (एउटा घटनामा फलफूल विक्रेताका पसलहरू एक मिटर टाढा थिए) । फेब्रुअरी २५ २००६ मा भएको पहिलो घटनामा नेकपा (माओवादी)ले सार्वजनिक रूपले माफी माग्यो तर फेब्रुअरी २७ मा भएको दोस्रो घटनाको सम्बन्धमा भने उच्चायोगले मागेको जवाफ अहिलेसम्म दिएको छैन् ।

## पूर्वाञ्चल क्षेत्र

**<u>घटना</u> ११ : धनकुटा जिल्ला**

सन् २००६ फेब्रुअरी ७ मा, राति ८:४५ तिर, जनमुक्ति सेनाको फौजले पूर्वाञ्चल क्षेत्रको सदरमुकाम धनकुटामा आक्रमण गऱ्यो । भोलिपल्ट विहानसम्म आक्रमण जारी रह्यो । आक्रमणको क्रममा लगभग १६ भवनमा आगो लगाइयो जसमध्ये १३ सार्वजनिक भवन र बाँकी तीन निजी कार्यालय तथा आवास भवनहरू थिए । जनमुक्ति सेनाले १२ सरकारी तथा अदालतका कर्मचारी र तीन प्रहरी अधिकृतलाई अपहरण गऱ्यो । आक्रमणमा सुरक्षाफौजलाई संलग्न गर्न जनमुक्ति सेनाको फौजले सर्वसाधारणका घरहरू प्रयोग गरे । उच्चायोगले शानेसे र जनमुक्ति सेना दुवैले सर्वसाधारणलाई हताहत हुन नदिन दावी गरेको प्रयासबारे जानकारी हासिल गऱ्यो । शानेसेको कमाण्डले यो सहरी र बस्ती भएको क्षेत्र भएको हुनाले हेलिकप्टरबाट बम नखसासिलिएको कुरा बतायो । सो आक्रमणमा कम्तीमा एक सैनिक र एक जनमुक्ति सेनाका सदस्य मारिए । उक्त आक्रमणको तीन दिनपछि जनमुक्ति सेनाले छोडेको ठानिएको सकेट बम छुनलाग्दा पड्केर एक १५ वर्षीय बालक गम्भीर घाइते भए । अझ धेरै सर्वसाधारणलाई घाइते बनाउन सक्ने विस्फोटक पदार्थहरू पनि धनकुटा सहरमा भेट्टाइए । सन् २००६ फेब्रुअरी ९ मा जनमुक्ति सेनाको फौजले स्वास्थ्यको आधारमा दुई अपहृत व्यक्तिलाई रिहा गऱ्यो । फेब्रुअरी ११, २००६ मा उक्त फौजले फेरि नौ सर्वसाधारणलाई रिहा गऱ्यो भने एक सर्वसाधारण र सुरक्षाफौजका तीन सदस्यलाई बन्धक वा कैदीको रूपमा राखिरह्यो । १७ फेब्रुअरी २००६ मा पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयका सह-प्रशासक प्रेमप्रसाद सापकोटाको नेकपा (माओवादी)को हिरासतमा मृत्यु भयो । उच्चायोगलाई प्राप्त जानकारी (Forensic expertise) अनुसार बन्दी अवस्थाले उनको पुरानो स्वास्थ्य समस्यालाई अझ नाजुक बनाएको र यही नै उनको मृत्युको

कारण भएको हुनसक्छ । अन्त्यमा, हिरासतमा भएका तीन प्रहरीलाई मानवअधिकारकर्मी र पत्रकारहरूको उपस्थितिमा २३ फेब्रुअरीमा रिहा गरियो ।

**<u>घटना</u> १२ : सदरमुकाम इलाम, इलाम जिल्ला**

सन् २००६ मार्च ५ मा, राति ९:३० बजे, जनमुक्ति सेनाको फौजले इलाम जिल्लाको सदरमुकाम इलाममा आक्रमण गर्‍यो । सुरक्षाफौजका तीन, जनमुक्ति सेनाका चार र सर्वसाधारण दुई सो आक्रमणमा मारिए । युद्धमा संलग्न हुँदा र जवाफी गोली चलाउँदा सुरक्षाफौज र जनमुक्ति सेना दुवैले सर्वसाधारणलाई हताहत हुनबाट जोगाउन पर्याप्त उपायहरू नअपनाएको उच्चायोगले पायो । खासगरी सुरक्षाफौजले अन्धाधुन्ध चलाएको गोलीबाट ८२ वर्षीय हर्कबहादुर राईको मृत्यु भयो भने अर्का एकजना घाइते भए । सेनाले ब्यारेकबाट सहरतर्फ रकेट प्रहार गरेको थाहा हुन आयो । जनमुक्ति सेनाका आक्रमणकारीहरू अन्य आक्रमणमा भन्दा यसमा सर्वसाधारण जनतालाई जोगाउन बढ्ता होशियार भए पनि मारिएका दोस्रा व्यक्ति ३५ वर्षीय मनोज कोइरालालाई उनीहरूको गोली लागेको देखिन्छ । जनमुक्ति सेनाको फौज सार्वजनिक भवनहरूमा आगो लगाउनबाट एवं सार्वजनिक प्रशासनिक अधिकारी तथा सुरक्षाकर्मीहरूलाई अपहरण गर्नबाट जानीजानी पछि हटेको देखिन्छ । तैपनि, उनीहरूले अस्पतालबाट औषधि लुटेर लगे । सर्वसाधारणका केही घरहरू आक्रमणकारीहरूले कब्जामा लिए । यद्यपि यो कार्य ढोकामा ढकढक्याएर अथवा उनीहरूका लागि अन्य घरहरूमा वैकल्पिक आश्रयको व्यवस्था गरेर व्यवस्थित ढङ्गबाट गरेको देखिन्छ । आक्रमणको क्रममा जिल्ला कारगारका सबै कैदी मुक्त गरिए । ४७ कैदीमध्ये फर्केर आउने केही कैदीहरूले रिहाइ गर्नुभन्दा अघि आक्रमणकारीहरूले आफूसँग राम्रो व्यवहार गरेको बताएका थिए ।

**मध्यपश्चिमाञ्चल क्षेत्र**

**<u>घटना</u> १३ : सदरमुकाम नेपालगञ्ज, बाँके जिल्ला**

सन् २००६ जनवरी २९ मा, साँझ ६ बजे, जनमुक्ति सेनाका सदस्य र सुरक्षाफौजको गस्ती टोलीबीच नेपालगञ्जमा गोली हानाहान भएको थियो । घटनापछि जिल्ला प्रहरी कार्यालयको सेन्ट्री पोष्ट नजिकै एउटा घरको बैठक कोठामा बसिरहेको बेला छातीमा एउटै गोली लागेर १५ वर्षीय ममता बर्माको ज्यान गयो । उनका रोजगारदाता भीमादेवी सुनार पनि सोही घटनामा घाइते भइन् । त्यो बेला सो क्षेत्रमा परिचालित पैदल गस्ती टोलीका कमाण्डरसहित प्रहरी अधिकृतहरूका अनुसार जनमुक्ति सेना र सशस्त्र प्रहरीबल तथा नेपाल प्रहरीको पैदल गस्ती टोलीबीच भएको दोहोरो गोली हानाहानमा ममता बर्माको मृत्यु भएको थियो । तर, आफ्ना बालबच्चा, मृतक ममता बर्मा र उनकी आमासँग घरको हाताभित्र रहेकी भीमादेवी सुनार गोलीको आवाज सुनेपछि हतारिएर भित्र पसेको र आफ्नो घरको कम्पाउण्डको गेटमा ताला लगाएको कुरा सबै प्रत्यक्षदर्शीले बताएको उच्चायोगले पायो । उनले तत्कालै कम्पाउण्डको गेट लगाइन् र सबैजना घरभित्र पसे । सुरक्षाफौजले भित्र बसेकाहरूलाई गेट खोल्नका लागि अनुरोध गरे । जब भीमादेवीले झ्यालबाट चियाइन पैदल गस्ती टोलीले गोली चलायो । उनी र ममता बर्मा घाइते भए । कम्तीमा पाँच राउण्ड गोली चलेको थाहा भयो- चारवटा घरको हाताभित्र र एउटा बाहिर । जनमुक्ति सेनाको कार्यकर्ताको गोलीबाट ममता बर्मा कम्पाउण्डभित्र मारिएकी हुन् भन्ने प्रहरीको दावी भए तापनि गोलीको सम्भावित प्रक्षेपपथको अध्ययनलगायत उच्चायोगले गरेको स्थलगत छानबिन शारीरिक रूपले यो सम्भव नहुने निष्कर्षमा पुग्यो । भिडन्तको क्रममा उक्त कम्पाउण्डका छिमेकी भवनहरूको छतमा जनमुक्ति सेनाका धेरै सदस्य गएको हुनसक्ने कुरा उच्चायोगले आफ्नो अनुसन्धानबाट स्थापित गर्‍यो । तर उक्त पैदल सैनिकको उपस्थिति हुइञ्जेलसम्म जनमुक्ति सेनाका सदस्यहरूले गोली चलाएको पाइएन । गस्ती टोलीले जथाभावी गोली हानेको परिणामस्वरूप ममता बर्मा मारिएको र त्यहाँ संलग्न सुरक्षाफौजका कर्मचारीहरूले समुचित ध्यान नदिइकनै घातक शक्ति प्रयोग गरेको निष्कर्ष आयोगले निकाल्यो ।

## V. निष्कर्ष तथा सिफारिसहरू

दुवै पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति प्रतिबद्धता जनाए पनि सन् २००६ जनवरी २ मा युद्धविरामको अन्त्य भइ युद्ध पुनः भड्केकाले दुवै पक्षबाट बारम्बार चेपुवामा परेका सर्वसाधारण फेरि जोखिममा परेका छन् । यो प्रतिवेदनका अधिकांश घटनाहरूमा दुवै पक्षले धैर्य नअपनाएको भए अझ बढी हताहती हुन सक्थ्यो भन्ने कुरालाई उच्चायोग स्वीकार गर्दछ । तैपनि, अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति एकदमै निष्ठ भएर दुवै पक्षले युद्ध सञ्चालन गरेको भए हताहतीलाई टार्न सकिन्थ्यो भन्ने स्पष्ट छ र यी सरोकारलाई सम्बोधन गर्न निश्चित उपायहरू आवश्यक छन् । छानबिनको क्रममा निजामती र सैनिक दुवै अधिकारीहरू तथा नेकपा (माओवादी)का प्रतिनिहिरूबाट सहयोग प्राप्त भएको उच्चायोग स्वीकार्दछ ।

### क. द्वन्द्वरत दुवै पक्षलाई गरिएका सिफारिसहरू

– सर्वसाधारणलाई हताहत हुनबाट र सैन्य कारबाहीको निकटताको कारणले सर्वसाधारणमा पर्ने मानसिक आघात दुवैबाट जोगाउनका लागि भिडन्तको प्रभावबाट सर्वसाधारण जनसङ्ख्यालाई संरक्षण गर्न सबै आवश्यक कदमहरू लिइनुपर्छ । सैन्य कारबाहीमा संलग्न हुन ठाउँको छनोट र युद्ध सञ्चालन गर्ने तौरतरिकामा यो लागु हुन्छ । उठाइएका कदमहरूले सर्वसाधारण तथा गैरसैनिक वस्तुहरूमा क्षति पुऱ्याउन सक्ने कुनै पनि सम्भाव्य गोलीकाण्डको खतरालाई न्यून गर्नुपर्दछ ।

– विशेषतः सर्वसाधारणका घर तथा सार्वजनिक भवनहरूबाट गरिने आक्रमणलाई निषेध गरिनुपर्छ । विद्यालयहरूलाई न त आक्रमण गर्ने स्थलको रूपमा प्रयोग गर्न हुन्छ न त कसैले आश्रयस्थलको रूपमा प्रयोग गरेको भन्दैमा गोली प्रहार गर्न मिल्छ ।

– सर्वसाधारण, खासगरी बालबालिका जो प्रायशः यस्ता विस्फोटक पदार्थका सिकार हुन्छन्, लाई हानि पुऱ्याउन सक्ने ठाउँहरूमा नपड्केका विस्फोटक पदार्थहरू राख्न वा त्यतिकै छाड्न नदिन सबै आवश्यक उपाय लिइनुपर्छ ।

– अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गर्नेहरूलाई जवाफदेही बनाउन र ती उल्लङ्घनबाट पीडित व्यक्तिहरूलाई प्रभावकारी उपचार तथा पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउन उपयुक्त कदमहरू चालिनुपर्छ ।

### ख. श्री ५ को सरकारलाई गरिएका सिफारिसहरू

– सुरक्षाफौज (शानेसे, सशस्त्र प्रहरीबल र नेपाल प्रहरी)को नीति तथा कार्यसञ्चालन निर्देशिकाको समीक्षा गरी पूर्ण रूपले यसलाई अन्तर्राष्ट्रिय मानवीय कानुनअनुकूल बनाउनुपर्छ, सुरक्षाफौजका सदस्यहरूबीच यसको व्यापक प्रचार-प्रसार गर्नुपर्छ र प्रभावकारी ढङ्गले यसलाई लागु गर्नुपर्दछ । खासगरी विभिन्न कार्यसञ्चालन सन्दर्भमा सर्वसाधारणको संरक्षणसम्बन्धी विस्तृत मार्गनिर्देशनहरूलाई समाविष्ट गर्न सैनिक व्यक्तिहरूले अपनाउनु पर्ने विधि (RoE)को समीक्षा गर्नुपर्छ ।

– प्रष्ट सैन्य उद्देश्य भएको र सर्वसाधारणप्रतिको जोखिमलाई न्यून गर्न सबै आवश्यक उपायहरू अपनाइसकेको अवस्थामा मात्र हवाई बमबारीको औचित्य प्रमाणित गर्न सकिन्छ । केही निश्चित घटनाहरूमा धैर्य अपनाइएको पाइए तापनि अन्य घटनामा भएको बमबारी सर्वसाधारणलाई खतरामा पार्ने गरी हुने अन्धाधुन्ध आक्रमणसरह हुन पुगेको उच्चायोगको विश्वास छ । भविष्यमा यसलाई संबोधन गर्न र जथाभावी गरिने बमबारीलाई रोक्नका निम्ति उपायहरूको अवलम्बन गरिनुपर्छ ।

– वरपरको क्षेत्रका मानिसलाई खतरा कम होस् भन्ने सुनिश्चित गर्न मापदण्डहरूको प्रयोग गरेर सशस्त्र सुरक्षाफौजका चेकप्वाइन्टहरू स्थापना गर्न उपयुक्त ठाउँहरूको छनोट गर्नुपर्छ ।

– भिडन्तको क्रममा आत्मसमर्पण गर्ने वा नियन्त्रणमा लिइएका १८ वर्षभन्दा मुनिका कुनै पनि बालबालिकालाई निजामती अधिकारीहरूसमक्ष तुरुन्तै बुझाइनुपर्दछ र तिनीहरूको पूनर्मिलन सहज बनाउन उपायहरू अवलम्बन गर्नुपर्छ । सबै सशस्त्रफौज र समूहमा भर्ती तथा प्रयोगका लागि न्यूनतम उमेर १८ वर्ष तोक्नका निम्ति सशस्त्र द्वन्द्वमा बालबालिकासम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्र अनुमोदन गर्न श्री ५ को सरकारले अविलम्ब कदमहरू चाल्नुपर्छ । उक्त महासन्धिलाई सरकारले अनुमोदन गरिसकेको छ । १८ वर्षभन्दा मुनिका कसैको पनि भर्ती वा प्रयोगलाई अपराधकृत गरिनुपर्दछ ।

– भिडन्त वा आक्रमण भएका ठाउँहरूमा वा यस्ता घटनामा पक्राउ परेका वा घाइते भएका कुनै पनि व्यक्तिलाई भेट्न उच्चायोग र राष्ट्रिय मानवअधिकार आयोगलाई मात्र नभएर स्थानीय मानवअधिकार सङ्गठनहरूलाई पनि उपयुक्त पहुँच उपलब्ध गराउनुपर्छ ।

– पीडकहरूलाई सही ढङ्गले जवाफदेही ठहऱ्याईएको छ कि छैन् भन्ने ठम्याउन शाही नेपाली सेनाले उच्चायोगलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनसम्बन्धी आरोपहरूबारे सैनिक अदालतले गरेका फैसला र रिपोर्टहरू उपलब्ध गराउनुपर्छ ।

### ग. नेकपा (माओवादी)लाई गरिएका सिफारिसहरू

– नेकपा (माओवादी)को जनमुक्ति सेनाको कार्यसञ्चालनसम्बन्धी नीति र मार्गनिर्देशनहरू अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूसँग पूर्णअनुकूल बनाइनुपर्छ र नेकपा (माओवादी)/जनमुक्ति सेनाका सबै तहका सदस्यहरूबीच यसको व्यापक प्रचार-प्रसार गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्दछ । विभिन्न कार्यसञ्चालन सन्दर्भहरूमा सर्वसाधारणको

संरक्षणसम्बन्धी विस्तृत मार्गदर्शनहरू फायर गर्दा अपनाउनु पर्ने विधि (Rules of Engagement) मा समावेश गरिएको हुनुपर्दछ ।

– सरकारी र प्रशासकीय अधिकारीहरूलगायत सर्वसाधारणको अपहरण गर्ने चलन अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन हो र यसको अन्त्य हुनुपर्दछ । औषधि उपचारको अभाव र लापरबाही अपहृत अवस्थामा भएको प्रेमप्रसाद सापकोटाको मृत्युका लागि कतिसम्म जिम्मेवार छ भन्ने निधो गर्न र यसबारे दायित्वहरूको निर्धारण गर्न छानबिन गर्नुपर्दछ ।

– सैनिक प्रयोजनका लागि भवनहरू प्रयोग भइरहेको एकदमै विशिष्ट परिस्थितिमाबाहेक सरकारी/प्रशासनिक र अन्य सार्वजनिक भवनहरूलाई वैधानिक सैन्य निसानाको रूपमा लिन सकिँदैन् । अन्य कुनै पनि परिस्थितिमा यस्ता भवनहरूको क्षति वा विनास गर्ने अभ्यासको अन्त्य हुनुपर्दछ ।

– सैन्य कारबाहीका बेला भरियाजस्तो सहायक भूमिका वा लडाइँमा भाग लिने लगायतका अवस्थामा नेकपा (माओवादी) ले बालबालिकालाई भर्ती वा प्रयोग गर्ने कार्य गर्नुहुँदैन् । सशस्त्र द्वन्द्वमा बालबालिकासम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्रलाई श्री ५ को सरकारले अनुमोदन नगरेको भए पनि १८ वर्षभन्दा मुनिकालाई भर्ती वा प्रयोग गर्न नहुने प्रावधानलाई लागु गरेर बालअधिकार संरक्षण गर्ने प्रतिबद्धता नेकपा (माओवादी)ले देखाउनेछ भन्ने उच्चायोगको विश्वास छ ।

– नेकपा (माओवादी)ले दोषी ठहऱ्याएका कार्यकर्ताहरूविरुद्ध गरिएको कारबाही तथा आफ्ना निष्कर्षहरूलगायत अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनसम्बन्धी आरोपहरूबारे आफूले सम्पन्न गरेका छानबिनको विवरण उच्चायोगलाई उपलब्ध गराउनुपर्छ ।

## VI. परिशिष्ट I

### उच्चायोगले २००६ मार्च/अप्रिलमा छानबिन गरेका नयाँ घटनाहरू

गत जनवरी महिनामा युद्धविरामको अन्त्य भएपश्चात श्री ५ को सरकारको सुरक्षाफौज र नेकपा (माओवादी)बीच भएका भिडन्त तथा आक्रमणहरूको सन्दर्भमा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनसम्बन्धी घटनाहरूको छानबिन प्रतिवेदनको तयारी भएयता, उच्चायोगले हालसालै घटेका कतिपय घटनाहरूको छानबिन गरेको छ जसलाई सङ्क्षेपमा तल प्रस्तुत गरिएको छ । मूल प्रतिवेदनमा उल्लेख गरिएजस्तो नभइ यीमध्ये धेरैजसो आक्रमणहरू दिउँसो भएको पाइएको छ । यी छानबिनका निष्कर्षहरू प्रतिवेदनको मूल अंशमा अभिव्यक्त कुराहरूसँग बाझिएका छैनन् । यी दुवै पक्षले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको उल्लङ्घन गरेका छन् । लडाइँ नभएको अवस्थामा पनि शाही नेपाली सेनाद्वारा तीन र जनमुक्ति सेनाद्वारा एकको जानाजानी हत्या गरिएको छ । साथै, शानेसेको हवाई गोलीबारी (एकको हत्या) र शानेसेबाटै (दुईवटा घटना) र प्रहरीबाट (दुईवटा घटना) भएको अन्धाधुन्ध गोली प्रहार एवं जनमुक्ति सेनाद्वारा एक ट्राफिक प्रहरीको लक्षित हत्याबाटसमेत सर्वसाधारणको पर्याप्त संरक्षण नभइ उनीहरूको मृत्यु वा हानि भएको कुरा दुवै प्रतिवेदनमा समेटिएका छन् ।

### मध्यमाञ्चल क्षेत्र

**<u>घटना क</u> : बालुवाटोल गाउँ, चन्द्रनिगाहापुर, रौतहट जिल्ला**

सन् २००६ मार्च ९, अपरान्ह १२.१० बजे, शाही नेपाली सेनाको नेतृत्वमा आएका संयुक्त सुरक्षाफौज (Unified Command)का दुई टोलीले रौतहट जिल्लाको कनकपुर गाविसको बालुवाटोल गाउँमा (चन्द्रनिगाहापुर इलाका) नेकपा (माओवादी)का राजनीतिक कार्यकर्ताहरूको बैठकमा आक्रमण गऱ्यो । माओवादीका चार कार्यकर्ता र एक सर्वसाधारण मारिए । यी पाँचमध्ये तीनको हत्या अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन हुन सक्ने परिस्थितिमा भएको देखिन्छ ।

उच्चायोगले गरेको स्थलगत छानबिनअनुसार, त्यसदिन रौतहट जिल्लाका नेकपा (माओवादी)का राजनीतिक विभागका नेता सो क्षेत्रमा आएका थिए र उनी केही बेरमै त्यहाँबाट हिँडे । त्यसबेला, नेकपा (माओवादी)का कार्यकर्ताहरू प्रचार-प्रसारका लागि जम्मा भएका र गाउँलेहरूको सानो समूहसमक्ष "कर" सङ्कलन गरिरहेका थिए । सुरक्षाफौजका करिब १०० सदस्यहरू राति १२:१० तिर त्यो क्षेत्रमा पुगे । एक सहसेनानी (Captain)को नेतृत्वमा साधा पोसाकमा आएका १० शाही नेपाली सैनिक र दुई प्रहरी अधिकृतहरूले कुनै पूर्वचेतावनी नदिई ती राजनीतिक कार्यकर्ता र सर्वसाधारणमाथि गोली हान्न सुरु गरे ।

सुरुमा यसरी जथाभावी हानिएको गोली लागी सर्वसाधारण सुरेन्द्र ठाकुरको ज्यान गयो । घटनास्थलबाट भाग्न खोज्ने जोसुकैलाई सुरक्षाफौजले गोली हान्यो । दुई नेकपा (माओवादी)का कार्यकर्तालाई पक्राउ गरियो, जसमध्ये एकजना गम्भीर

घाइते थिए । शाही नेपाली सेनाका अधिकृतले नेतृत्व गरेको सुरक्षाफौजको टोलीले उनीहरूलाई सोधपुछ गरेपश्चात नजिकैबाट टाउको र छातीमा गोली प्रहार गरी उनीहरूको हत्या गरियो । फलस्वरूप उक्त कार्यमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भयो ।

सुरक्षाफौजको नेतृत्व गर्ने जिम्मेवार कमाण्डरले पहिला नेकपा (माओवादी)ले गोली हानेको र उनीहरूलाई पक्रन खोज्दा प्रतिरोध गरेकाले कारबाहीका लागि घातक शक्तिको प्रयोग गर्नुपर्ने अवस्था आएको दावी गरे । उच्चायोगले यी दावीहरूको पुष्टि गर्न सकिने कुनै प्रमाणहरू पाएको छैन् । केही माओवादी कार्यकर्तासँग सकेटबमहरू आफ्नो पेटीमा भएको हुनसक्छ तर ती नेकपा (माओवादी)का कार्यकर्ताहरूले त्यसबेला बम फ्याँक्ने प्रयत्न गरेको कुनै पनि जानकारी उच्चायोगले प्राप्त गर्न सकेन् ।

अन्य दुई माओवादी कार्यकता कुन परिस्थितिमा मारिए भन्ने निर्क्योल उच्चायोगले अझै गर्न सकेको छैन् । तर, लास जाँच रिपोर्ट र उच्चायोगलाई प्राप्त अन्य जानकारीलाई हेर्दा उनीहरूलाई पक्रन लागेको अवस्थामा नजिकैबाट (करिब १० मि) गोली हानिएको देखिन्छ ।

**<u>घटना ख</u> : मुजेलिया नगरपालिका वडा नं. १४ र जनकचोक, जनकपुर, धनुषा जिल्ला**

धनुषा जिल्लाको सदरमुकाम जनकपुरमा सन् २००६ मार्च २४ मा दुईवटा छुट्टाछुट्टै घटना घटे । उच्चायोगको छानबिनअनुसार पहिलो घटनामा जनमुक्ति सेनाको विशेष तराई फोर्स (Special Terai Battalion)ले मुजेलिया प्रहरी थानामा आक्रमण गर्‍यो । दुई प्रहरी मारिए । करिब दुई घण्टापछि प्रहरीले जथाभावी हानेको गोलीबाट जनकचोकमा राष्ट्रिय मानवअधिकार आयोगका एक कर्मचारी तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका सदस्य मारिए । यो जनकपुरको भीडभाड भएको बजारक्षेत्र हो ।

उच्चायोगले मुजेलिया प्रहरी थानामा साँझ ५ बजे भएको आक्रमणको क्रममा एकजना प्रहरीलाई तत्काल मारिएको र बहुसङ्ख्यक प्रहरीहरू थाना छोडेर भागेको पायो । जनमुक्ति सेनाले थानाभित्र पसेर दुई निशस्त्र प्रहरी अधिकृतलाई गम्भीर घाइते बनाए । अर्का प्रहरी जवान थाना अगाडिबाट भाग्न खोज्दा उनलाई जनमुक्ति सेनाका एक सदस्यले १०० मि जति टाढा खेदेर लगे । उच्चायोगको निष्कर्षअनुसार, उक्त प्रहरी जवान गोली लागी घाइते भए । उनलाई खेद्नेहरूले उनका हतियार लुटेपछि आफ्नो पूर्ण नियन्त्रणमा रहेको बेला जनमुक्ति सेनाका तीन सदस्यको उपस्थितिमा उनको हत्या गरे ।

सोही दिन, साँझ ६.३० तिर, मुजेलिया थानामा आफ्नो संलग्नतापछि प्रहरीको एक समूह सहरको बाटो गरेर जिल्ला प्रहरी कार्यालयतर्फ गइरहेको थियो । उच्चायोगले सम्पन्न गरेको छानबिनअनुसार, प्रहरी निरीक्षकले नेतृत्वले गरेको उक्त समूहले भीडभाड भएको बजारक्षेत्र जनकचोक भएर जाँदै गर्दा अचानक साँझ ६.३० तिर जथाभावी गोली प्रहार गर्न थाल्यो । जसले गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीका सदस्य रामचन्द्र यादवको तत्काल मृत्यु भयो । राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारलाई दुईवटा गोली लाग्यो र पछि उनको अस्पतालमा मृत्यु भयो । सबै प्रत्यक्षदर्शीको एउटै भनाइ छ - त्यतिबेला त्यहाँ माओवादी वा जनमुक्ति सेनाको उपस्थिति थिएन र प्रहरीबाहेक अरू कसैको गोली चलेको थिएन । मानिसहरू घाइते भएको थाहा भएपछि प्रहरीहरू घटनास्थलबाट पोसाक फुकाल्दै भाग्दै गरेको सूचना पनि उच्चायोगले पायो । प्रहरीको गोलीबाट कोही पनि सर्वसाधारण मरेको वा घाइते भएको उनीहरूले अस्वीकार गरे । उच्चायोग प्रहरी छानबिनको पर्खाइमा छ ।

मार्च ३० मा, जनमुक्ति सेनाका अधिकारीले आफ्नो फौजले लडाइँ नभएको अवस्थामा रहेका प्रहरीको हत्या गरिएको कुरा उच्चायोगसमक्ष अस्वीकार गरे । उनले जनकचोकमा नेकपा (माओवादी)को उपस्थिति भएको कुरालाई पनि अस्वीकार गरे । निशस्त्र प्रहरीको हत्याबारे पूर्ण अनुसन्धान गर्न नेकपा (माओवादी)को जनकपुर-सगरमाथा क्षेत्रीय ब्युरोलाई उच्चायोगले आग्रह गरेको छ ।

**<u>घटना ग</u> : ठोकर्पा गाविस, वडा नं. २ र ४, सिन्धुपाल्चोक जिल्ला**

सन् २००६ मार्च २६ मा काभ्रेपलाञ्चोक, सिन्धुपालञ्चोक र सिन्धुली जिल्लाहरूबाट जनमुक्ति सेना सिन्धुपाल्चोकको ठोकर्पामा काभ्रे जिल्लाको भकुण्डेमा भएको अघिल्लो कारबाहीको उत्सव मनाउने घोषित उद्देश्य लिएर भेला हुन सुरु गरे । दोस्रो दिन पोसाकमा पीएलएका करिब १५० सशस्त्र सदस्य बाघभैरब उच्च माध्ममिक विद्यालयको छात्रबास नजिकै एउटा खेतमा हुन लागेको आमसभाको तयारीमा थिए । दिउँसो १२.४५ तिर १०० जति सर्वसाधारण र पीएलए सदस्य भेला हुन लागेको बेला एउटा निगरानी हवाईजहाज (Reconnaissance plane) आकाशमा घुम्दै गरेको देखियो । पाँच मिनेटपछि दुईवटा हेलिकप्टरले गाउँमा र नजिकै खेतमा बम खसाल्न र गोली हान्न थाले र यो क्रम करिब ४५ मिनेटजति चल्यो । ६१ वर्षीय सर्वसाधारण बमबहादुर खत्रीको बम विस्फोटमा मृत्यु भयो भने अर्का एक घाइते भए । कतिपय बाखा पनि मरे र घाइते भए । स्थानीय विद्यालय (एकमात्र कम्प्युटर कोठासहित), सर्वसाधारणका घरहरू र एउटा स्वास्थ्य क्लिनिकमा व्यापक क्षति पुगेको उच्चायोगले पुष्टि गर्नुका साथै १२ वटा मोर्टारको प्रभावको पनि निरीक्षण गर्‍यो । त्यसमध्ये एउटा

क्लिनिक नजिकै खस्यो, अर्को स्कुलको आँगनमा, सातवटा गाउँका अन्य भागहरूमा, दुई सर्वसाधारणका घरहरू नजिकै खसे जसबाट एकजनाको खुट्टामा चोट लाग्नुका साथै बिजुली आपूर्ति बिच्छेद भयो र दुईवटा नजिकैको खेतमा खसे ।

उच्चायोगले त्यहाँ भएका व्यक्तिहरूबाट प्रत्यक्ष बयानहरू लियो जसले निगरानी हवाईजहाजलाई गाउँमा सर्वसाधारणको उपस्थिति छ कि छैन भन्ने निर्क्योल गर्नका लागि पर्याप्त समय थियो भन्ने देखाउँछ । बमबारी मध्यदिउँसो भएको थियो र उच्चायोगलाई विश्वास छ कि बम खसाएको बेला विद्यालय र बस्ती भएका क्षेत्रहरू हेलिकप्टरबाट प्रष्टै देख्न सकिन्थ्यो । आफ्नो प्रशासनिक काम सिध्याएर सिन्धुलीबाट काठमाडौँतर्फ फर्किरहेको बेला उक्त हवाईजहाजमा पहिलो गोली ठोकर्पा गाविसबाट आएको हुनाले आक्रमण गर्नु परेको कुरा भकुण्डे गाविसस्थित ९ नं. बाहिनीका एक वरिष्ठ सैनिक अधिकारीले उच्चायोगलाई अप्रिल ५ मा बताएका थिए । उच्चायोगले वहाँको भनाइलाई पुष्टि गर्ने कुनै पनि प्रमाण अहिलेसम्म पाएको छैन् ।

साथै, नेकपा (माओवादी)ले सर्वसाधारणको ज्यान जोखिममा पार्ने गरी गाउँको बीच भागमा आमसभा गरेकोमा पनि उच्चायोग चिन्तित छ । नेकपा (माओवादी)ले गाउँको छेउमा बाल्टिन बम र प्रेसर कुकर बम राखेकोमा पनि उच्चायोग थप चिन्तित भएको छ । घटना भएको १० दिनपछि उच्चायोग घटनास्थल पुग्दा पनि यी घरेलु विस्फोटक पदार्थहरूलाई निष्क्रिय पारिएको थिएन । आमसभाबारे सेनालाई कसले सुराकी गरेको हो सो व्यक्तिको पहिचानका लागि आन्तरिक छानबिनको क्रममा अपहरण गरिएको भनिएका गाविस सचिवबारे पनि उच्चायोगले नेकपा (माओवादी)समक्ष आफ्नो चिन्ता जाहेर गरेको छ ।

**पूर्वाञ्चल क्षेत्र**

**<u>घटना घ</u> : विर्तामोड, झापा जिल्ला**

सन् २००६ मार्च २१, ७ बजे बिहान, जनमुक्ति सेनाले झापा जिल्लाको विर्तामोड प्रहरी थानामा आक्रमण गर्‍यो, जसमा आठ प्रहरी मर्नुका साथै १४ अन्य घाइते भए । आक्रमणको क्रममा, प्रहरी हिरासतमा भएका दुई अन्यलाई पनि पीएलएको गोली लाग्यो ।


आक्रमणअघि जनमुक्ति सेनाका सदस्यहरूले ट्राफिक प्रहरी नायब निरीक्षक (Traffic Police Sub-Inspector) खेमकुमार बस्नेतलाई निश्शस्त्र अवस्थामा गोली हानेको तथ्य उच्चायोगले फेला पार्‍यो । उनी साधा पोसाकमा ट्राफिक प्रहरीचौकी अगाडि थिए । उनको पछि त्यही कारणले मृत्यु भयो । उक्त कार्य थानकोटमा निश्शस्त्र ट्राफिक प्रहरीको हत्यापछि ट्राफिक प्रहरीलाई लक्षित गरिने छैन् भनी नेकपा (माओवादीको नेतृत्वले उच्चायोगलाई दिएको आश्वासन विपरित छ (हेर्नुहोस् मूल प्रतिवेदनको घटना १) ।

आत्मसमर्पण गरिसकेपछि जनमुक्ति सेनाका सदस्यहरूले ६ प्रहरीको हत्या गरेको भन्ने सम्बन्धमा प्रहरीबाट आएका आरोपहरूको पनि उच्चायोगले छानबिन गर्‍यो । तर प्रत्यक्षदर्शीहरूका परस्परविरोधी भनाइहरू तथा अन्य जानकारीलाई हेर्दा उपलब्ध समय अवधिभित्र रहेर यी आरोपहरूको सम्बन्धमा कुनै निष्कर्षमा पुग्न मानवअधिकार उच्चायोग सफल हुन सकेन् ।

तर, उच्चायोगले आक्रमणपछि एकजना निश्शस्त्र र घाइते जनमुक्ति सेनाका सदस्यलाई घटनास्थलमा थप सहयोगका लागि आएका शाही नेपाली सेनाका सुरक्षाकर्मीहरूले कब्जामा लिएर सोधपुछ गरेपश्चात हत्या गरे भन्ने विश्वासिलो बयान प्राप्त गरेको छ । उक्त जनमुक्ति सेनाका सदस्यको लास प्रहरीथानाबाट करिब एक किलोमिटर टाढा एउटा पुलमुनी पाइएको थियो ।

उच्चायोगलाई प्राप्त भनाइहरूअनुसार प्रहरी थानामा भएको आक्रमणपश्चात चारआली गणबाट आएका शानेसेका सुरक्षाकर्मीहरू विर्तामोडमा जथाभावी गोली प्रहार गर्दै हिंडेका थिए । एउटा झुप्रोमा एक महिलालाई गोली लागेर मृत अवस्थामा भएको पाइयो । यो संभवत यही गोलीकाण्डको परिणाम हुनसक्छ । उच्चायोगलाई प्राप्त अरू कैयन भनाइअनुसार सो क्षेत्रमा त्यसबेला नेकपा (माओवादी)को उपस्थिति थिएन र शाही नेपाली सेनालेमात्र गोली चलाइरहेको थियो ।

# NEPAL Incidents investigated by OHCHR, January - March, 2006




OCHA

Map Produced by OCHA, Nepal.
Data Source: OHCHR, Nepal.

Last Updated April 11, 2006

50 25 0 50 Km

The boundaries and names shown and the designations used on this map do not imply official endorsement or acceptance by the United Nations